लेखापरीक्षण प्रतिवेदन

लिखु पिके गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लिखु पिके गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/584

श्रीमान् अध्यक्षज्यू,
लिखु पिके गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चौलाखर्क, सोलुखुम्बु।

विषय - लेखापरीक्षण प्रतिवेदन।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको अन्तिम लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरीपठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/584

श्रीमान् अध्यक्षज्यू ,
लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीतर्फको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु.५४ करोड ९४ लाख ६७ हजारको लेखापरीक्षण गर्दा रु.१ करोड ७३ लाख ८९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४५ लाख ३७ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु.१५ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३५ लाख ९९ हजार, र पेश्की बाँकी रु.२ लाख गरी जम्मा रु.१ करोड २८ लाख ५२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.११ करोड ४९ लाख ९० हजारमध्ये रु.१० हजार फस्र्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.१२ करोड ७८ लाख ३२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण

स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७६	५१	१,७३,८९,५२८	०	१५	४५,३७,१२२	०	७६	३६	१,२८,५२,४०६	१५,४२,७६४	७५,१०,३१६	३५,९९,३२६	०	०	१,११,०९,६४२	२,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सोलुखुम्बु	११,४९,८९,९१२	०	१०,०००	११,४९,७९,९१२	०	१,२८,५२,४०६	१२,७८,३२,३१८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	६५.३	संघीय समपुरक अनुदान	१,७४,९४६
२	२०८१/८२	५०.६,५०.७	शिक्षातर्फ	१८,०२२
३	२०८१/८२	३.२	वित्तीय प्रतिवेदनमा देखिएका बेहोराहरू	३४,७३,०२१
४	२०८१/८२	५७	लागत सहभागिता	७,४०४
५	२०८१/८२	52	याक प्रवर्द्धन कार्यक्रम	१२,१५५
६	२०८१/८२	४०	बढी भुक्तानी	४,४००
७	२०८१/८२	४२	प्रमाण पेश नभएको	३,२५,२५१

८	२०८१/८२	५८	जडान प्रतिवेदन पेश नभएको	३,८८,७९९
९	२०८१/८२	४९	करार कर्मचारीलाई स्थानीय भत्ता	६६,८२५
१०	२०८१/८२	४८	असम्बन्धित पदाधिकारीलाई बैठक भत्ता	६६,३००
			जम्मा	**४५,३७,१२२**
गत विगत आर्थिक वर्षको सम्परीक्षण गरी लगत कट्टा भएको				
११	२०८०/८१	२७	पोशाक भत्ता	१०,०००
			कूल जम्मा	**४५,४७,१२२**

लिखु पिके गाउँपालिका, सोलुखुम्बु

(८०१०९५०६३००)

लिखु पिके गाउँपालिका , सोलुखुम्बु

परिचय

१

(क) पालिकाको परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वटा वडा अन्तर्गत १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५२६४ हजार जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।२७ देखि २०८२।०५।३० सम्म ४ कार्यदिन रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्रसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आयतर्फ रु.२७४४९५८६७.४२ र व्ययतर्फ रु.२७४९७१३२७.९७ गरी जम्मा रु.५४९४६७१९५.३९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची -२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१५२७२०.०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम/ब.उ.शि.नं.	वापत	मिति	दाखिला भएको बैंक	रकम
गा.पा.-चालु	बैठकको समयको भ्रमण भत्ता	२०८२।६।२	सिटिजन बैंक इन्टरनेशनल लि.	१००००
गा.पा.-चालु	पारिश्रमिक कर	२०८२।६।५	राष्ट्रिय वाणिज्य बैंक लि.	१५६२०
गा.पा.-चालु	बैठकको समयको भ्रमण भत्ता भुक्तानी लगायत	२०८२।६।५	सिटिजन बैंक इन्टरनेशनल लि.	१२७१००
जम्मा				**१५२७२०**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता, अन्तर सरकारी अख्तियारी, धरौटी र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोवारको एकीकृत विवरण निम्नानुसार रहेको छ । साथै पालिकाले अन्तर सरकारी अख्तियारी लगायतका कारोवार समावेश नगरी तयार गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान(NPSAS) बमोजिमको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) यसै दफासँग सम्बन्धित अनुसूचीमा समावेश गरीएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. सुरु मौज्दात		**१८६६३८६८.५३**	**१. चालु खर्च**		**१५९०४६७८०.७८**
क) सञ्चित कोष	१३३८८०८०.४०		क) पालिका तर्फ	७०३८२४११.४४	
ख) धरौटी खाता	३७६१४४०.१३		ख) संघीय सशर्त	८४५६८३६९.३४	
ग) विविध खर्च खाता	१५१४३४८.००		ग) प्रदेश सशर्त	४०९६०००.००	
२. यस वर्षको आय		**२१६८३५७.४७**	**२. पुँजीगत खर्च**		**७१९६८४८६.००**
क) आन्तरिक आय	२१६८३५७.४७		क) पालिका तर्फ	५७०४५५६९.००	
३. वित्तीय हस्तान्तरण (संघ)		**२०८४८९०७१.०९**	ख) संघीय सशर्त	३४८९६१४.००	
क) समानीकरण अनुदान	६३६८१४४०.००		ग) संघीय समपुरक	८३२१७८६.००	
ख) राजस्व बाँडफाँट	४४२७११३९.९३		घ) प्रदेश सशर्त	३१११५१७.००	
ग) सशर्त अनुदान	८८०५७९८३.३४		**३. अन्तर सरकारी अख्तियारी (संघ)**		**३६७०८९१६.००**
घ) समपुरक अनुदान	८३२१७८६.००		क) सामाजिक सुरक्षा	३२१६९७१६.००	
ङ) रोयल्टी	४१५६७२१.८२		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५००००.००	
४. वित्तीय हस्तान्तरण (प्रदेश)		**१९४०२८६७.८६**	ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	५४०००.००	
क) समानीकरण अनुदान	३८५१०००.००		घ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४०३५२००.००	
ख) राजस्व बाँडफाँट	२११९१६४.८६		**४. धरौटी तथा अन्य कोषहरू**		**७२४७१४५.१९**
ग) सशर्त अनुदान	७२०७५१७.००		क) धरौटी फिर्ता तथा सदरस्याहा	३२५८८३२.१९	
घ) समपुरक अनुदान	६२२५१८६.००		ख) विविध खर्च खाता	३९८८३१३.००	
५. अन्तर सरकारी अख्तियारी (संघ)		**३६७०८९१६.००**	**५. अन्तिम मौज्दात**		**१८१८८४०७.९८**
क) सामाजिक सुरक्षा	३२१६९७१६.००		क) संचित कोषको मौज्दात	१२४३३११०.०४	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५००००.००		ख) धरौटी खाता	४९५८६६७.९४	
ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	५४०००.००		ग) विविध खर्च खाता	७८४३५.००	
घ) एकीकृत स्वास्थ्य	४०३५२००.००		घ) स्थानीय तह विविध	६९८७२.००	

पूर्वाधार विकास कार्यक्रम			कोष खाता		
६. धरौटी तथा अन्य कोषहरू		**७७२६६५५.००**	ङ) विभाज्य कोष	६४८३२३.००	
क) धरौटी प्राप्ती	४४५६०६०.००				
ख) विविध खर्च खाता	२५५२४००.००				
ग) स्थानीय तह विविध कोष खाता	६९८७२.००				
घ) विभाज्य कोष	६४८३२३.००				
जम्मा	**२९३१५९७३५.९५**	**२९३१५९७३५.९५**	**जम्मा**	**२९३१५९७३५.९५**	**२९३१५९७३५.९५**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय प्रतिवेदनमा देखिएका बेहोराहरू**

पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार बेहोरा देखिएको छः

३.१ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वियन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

३.२ **फरक जिम्मेवारी**

"कार्यालयबाट प्राप्त प्रतिकृयाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं.१ मा समावेश गरिएको छ।"

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३,४७३,०२०.४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र भुक्तानीमा रू. ३६७०८९१६.०० फरक परेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३२१६९७१६.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४५००००.००,

विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)को रु.५४०००.०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४०३५२००.०० गरी जम्मा रु.३६७०८९१६.०० सुत्रमा लेखाङ्कन नगरेको कारण सो रकम फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैंक मौज्दात
सुत्र अनुसारको आर्थिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१८६६३८६८.५३	२३७७८६९५१.४२	२३८२६२४११.९७	१८१८८४०७.९८
एकीकृत आर्थिक विवरण अनुसार	१८६६३८६८.५३	२७४४९५८६७.४२	२७४९७१३२७.९७	१८१८८४०७.९८
फरक	**०.००**	**३६७०८९१६.००**	**३६७०८९१६.००**	**०.००**

३.४ **बैंक हिसाव बिवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रू.२३३५८९०७.९८ देखिएकोमा सो अवधिमा बैंक अनुसार बैक मौज्दात रू. २८५५५१०२.९८ देखिएको छ । श्रेस्ता र बैंक मौज्दातमा रु.५१९६१९५.०० फरक देखिएको छ । बैंक हिसाव विवरण समय समयमा भिडान गरी श्रेस्ता र बैंकको हिसाव मिलान गर्नु पर्दछ । निम्नानुसार श्रेस्ताभन्दा बैंक बढी देखिएकोले सो रकम एकिन गरी सम्बन्धी खातामा आम्दानी बाँध्नु पर्ने देखिन्छ ।

संकेत	कोष/खाता	श्रेस्ता अनुसार बाँकी	बैंक अनुसार बाँकी	नगद मौज्दात बाँकी	फरक
ग १.१	आन्तरिक राजस्व खाता	१५४९३५.८१	१३९९७५२.१६	१५४९३५.८१	१२४४८१६.३५
ग १.२	बाँडफाँडबाट प्राप्त राजस्व खाता	१२७३१३०.०५	४६०१३९६.४७	०.००	३३२८२६६.४२
ग १.३	आन्तरिक अनुदान खाता	०.००	०.००	०.००	०.००
ग ६.१	स्थानीय तह विभाज्य कोष खाता	०.००	०.००	०.००	०.००
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	१६१७५५४४.१८	२५२०५९.५७	०.००	-१५९२३४८४.६१
ग ३.१	स्थानीय तह धरौटी खाता	४९५८६६७.९४	५३९१३८८.९४	०.००	४३२७२१.००
ग २.२	चालू खर्च खाता- जोर वर्ष	०.००	६७०९३१९.१२	०.००	६७०९३१९.१२
ग २.४	पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	५२२९१०७.०६	०.००	५२२९१०७.०६
ग २.७	विविध खर्च खाता	७८४३५.००	३९३६९६६.६६	०.००	३८५८५३१.६६
ग ५.१	स्थानीय तह विविध कोष खाता	६९८७२.००	३५२१९०.००	०.००	२८२३१८.००
ग ६.१	स्थानीय तह विभाज्य कोष खाता	६४८३२३.००	६८२९२३.००	०.००	३४६००.००
जम्मा		**२३३५८९०७.९८**	**२८५५५१०२.९८**	**१५४९३५.८१**	**५१९६१९५.००**

स्थानीय संचित कोषको विवरण निम्नानुसार रहेको छ:

स्थानीय संचित कोष खातामा रहने रकम	श्रेस्तामा रहेको रकम	बैंक खातामा रहेको रकम	फरक
आन्तरिक राजस्व खाता	०	१३९९७५२.१६	१३९९७५२.१६
बाँडफाँडबाट प्राप्त राजस्व खाता	१२७३१३०.०५	४६०१३९६.४७	३३२८२६६.४२
स्थानीय तह सञ्चित कोष खाता	१६१७५५४४.१८	२५२०५९.५७	-१५९२३४८४.६१
चालू खर्च खाता- जोर वर्ष	०	६७०९३१९.१२	६७०९३१९.१२
पुँजीगत खर्च खाता- जोर वर्ष	०	५२२९१०७.०६	५२२९१०७.०६
जम्मा	**१७४४८६७४.२३**	**१८१९१६३४.३८**	**७४२९६०.१५**

३.५ **विभाज्य कोषको बाँडफाँड** - पालिकाले यस आर्थिक वर्षमा अन्य बाँडफाँड हुने राजश्व संकलन शीर्षकमा रु.६४८३२३.०० असुल गरेकोमा सो रकम बाँडफाँड गरेको छैन् । बाँडफाँड हुन बाँकी रकममध्ये पालिकाको ६० प्रतिशत र प्रदेशको ४० प्रतिशतका दरले बाँडफाँड गर्नु पर्दछ ।

३.६ **नगद मौज्दात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको आर्थिक विवरणमा नगद मौज्दात रु.१५४९३५.८१ रहेको देखिन्छ । अत: दाखिला बाँकी देखिएको नगद मौज्दातमा व्याज समेत असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	१,५४,९३६

४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८१।८२ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन । उल्लेखित ऐन नियमानुसार आन्तरिक लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेकोमा पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । त्यसैले वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय

जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन-

वजेट व्यवस्थापन तर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- दिगो विकास योजना (२०१५ -३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यमकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिने नगरेको,

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,
- उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरको,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न नसकिएको ।
- खन्ने तथा पुर्ने कार्य गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रोइङ राखि भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार नगरेको,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको देखियो,
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको ,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

६ बजेट तथा कार्यक्रम

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए

तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुख श्री ङ्वाङ ल्हाक्पा शेर्पाले मिति २०८१।०३।९ मा रू.२५३८७४९९९.०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । रकमान्तर सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्:

क) पालिकाले यस वर्ष कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको ३० वटा कार्यक्रमहरु घटाएर ६१ वटा कार्यक्रम थप गरी विभिन्न खर्च शीर्षकमा निम्नानुसार रु.२४ लाख ७३ हजार रकमान्तर गरी खर्च गरेको छ । उक्त रकम शुरु वजेट रु. २५ करोड ३८ लाख ७५ हजारको तुलनामा ०.९७ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

ख) माथी उल्लेखित ऐन अनुसार पूँजिगत शिर्षकमा मात्र रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले चालु शीर्षकमा समेत रकमान्तर गरेको देखियो । यसरी ऐन विपरित चालु खर्चमा रकमान्तर गरेको केही उदाहरण निम्नानुसार छन्:

सि.नं.	रकमान्तर गरेको कार्यक्रम	बजेट
१	ईन्धन	३००००
२	सवारी साधन मर्मत पदाधिकारी	३००००
३	भ्रमण खर्च	५००००
४	पोशाक	२३४००
५	विविध खर्च	७००००
६	पदाधिकारी बैठक भत्ता	४६६००
७	मसलन्ध तथा कार्यालय सामाग्री	१५००००
८	न्यायिक समिति विविध कार्यक्रम	३५०००

६.५ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष बिभिन्न शीर्षकमा अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम	१५०००००
२	उच्च शिक्षा सहायता	३०००००
३	समपुरक कोष संघ	४६९९०००
४	समपुरक कोष प्रदेश	७३०१०००

६.६ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ:

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
गाउँपालिका पुँजीगत	५७०४५५६९	११६९०८४८	१०३१७७१६	९७६८८२४	२५२६८१८१	१७४४२४१४
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	११८११४००	०	३७६०००	०	११४३५४००	९४८५४००
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	३१११५१७	०	०	०	३१११५१७	३१११५१७
जम्मा खर्च	**७१९६८४८६**	**११६९०८४८**	**१०६९३७१६**	**९७६८८२४**	**३९८१५०९८**	**३००३९३३१**
खर्च प्रतिशत	**१००**	**१६**	**१५**	**१४**	**५५**	**४२**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ रू.७१९६८४८६। खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.११६९०८४८। (१६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१०६९३७१६। (१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.९७६८८२४।(१४ प्रतिशत) र चौथो त्रैमासिकमा रू.३९८१५०९८।(५५ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रू.३००३९३३१। अर्थात ४२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.७ **क्षेत्रगत बजेट खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।

क्र.सं.	मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च प्रतिशत	क्षेत्रगत खर्च प्रतिशत
१	आर्थिक विकास	११९८२५००	९८६६४६१	८२	४
२	सामाजिक विकास	९९५९४०००	९००१६११२	९०	४०
३	पूर्वाधार विकास	८३७१३५००	५९८१७४८६	७१	२७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४८०९७००	२६५८००९	५५	१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	६९९६८९५२	६०३३५४१२	८६	२८
कुल जम्मा		**२७००६८६५२**	**२२२६९३४८०**	**८२**	**१००**

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सामाजिक विकासमा सबैभन्दा बढी ४० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १ प्रतिशत बजेट खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्च तथा सामाजिक विकासको खर्चमा नियन्त्रण गरी आर्थिक विकास,

पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

६.८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास हुने उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाखमाथिका योजना सङ्ख्या	रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रू.५ लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	६५	५	१५	४५
२	वडास्तरीय	४७	०	२	४५
जम्मा		**११२**	**५**	**१७**	**९०**

उपर्युक्त विवरणअनुसार पालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट नगरी साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष आन्तिरक आयबाट रू.२१६८३५७.४७, गत आर्थिक वर्षको मौज्दातबाट रु.१३३८८०८०.४०, राजस्व बाँडफाँडबाट रू. ५०५४७०२६.६१ र संघीय तथा प्रदेश अनुदानबाट रू.१७७३४४९१२.३४ समेत रू.२४३४४८३७६.८२ प्राप्त गरेकोमा चालुतर्फ रू.१५९०४६७८०.७८ र पुँजीगततर्फ रू.७१९६८४८६.०० गरी जम्मा रू.२३१०१५२६६.७८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.६२४५९५१.०० खर्च भएको छ जुन आन्तरिक आयको १८८ प्रतिशत बढी खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३१ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **संगठन तथा कर्मचारी व्यवस्थापन**

८.१ **तलवी प्रतिवेदन** - कोशी प्रदेशको प्रदेश निजामति सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश किताबखाना गठन नहुँदासम्म प्रचलित कानुन वमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराउनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ कार्यरत कर्मचारीको वर्षभर रू.५४,६६,२८३.४४ पारिश्रमिक खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८.२ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ७ मा ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गर्न पठाउनु पर्ने उल्लेख छ । पालिकाको १३ औं गाउँसभाबाट संगठन तथा व्यवस्थापन स्वीकृत गरेकोमा ऐनको व्यवस्था बमोजिम प्रदेश किताबखानामा पद दर्ताको लागि विवरण प्रदेश किताबखानामा पठाएको पत्र प्राप्त भएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ जना वडा कार्यालतर्फ समेत र स्वास्थ्य शाखातर्फ २६ गरी जम्मा ६८ दरबन्दी स्वीकृत रहेकोमा १२ जना स्थायी र २८ जना कर्मचारी करारमा पदपूर्ती भएको देखिन्छ । प्रदेश किताबखानामा पद दर्ता गरी दरबन्दी बमोजिम लोक सेवाबाट पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

८.३ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यसरी सेवा लिएको अवस्थामा सेवा करार वापत दिइने पारिश्रमिक सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । सेवा करार सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

(क) पालिकाले यस वर्ष पालिकातर्फ ११ र स्वास्थ्यतर्फ १७ गरी विभिन्न पदमा २८ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत स्वास्थ्य सशर्तमा रु.९५००००० र पालिकातर्फ रु.१५२९४७७३ गरी जम्मा रु.२४७९४७७३ खर्च लेखेको छ । यस वर्ष पालिकाको आन्तरिक आम्दानी रु.२१६८३५७ छ। सोको तुलनामा करारमा कर्मचारी पदपूर्ती गरी आन्तरिक आम्दानीको ११४३ प्रतिशत खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक आयले धान्न सक्ने गरी करारमा कर्मचारी पदपूर्ती गर्नुपर्दछ ।

(ख) पालिकाले दरबन्दी बाहिर ऐन बमोजिम करार सेवामा नियुक्ती गर्न सकिने पद बाहेक सर्भेक्षक १ जना र ३ जना सहायक कम्प्युटर अपरेटर गरी ४ जनाको वर्षभर रु.१३३०७०६.०० तलब खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,३०,७०६

८.४ **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण,औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले नियमानुसार कोष खडा गरी निश्चित रकम कर्मचारीबाट कट्टा गरी उपदान वा निवृत्तभरण,औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन सहज हुने हुनाले सो कोषको व्यवस्था गरी परिचालन तथा व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

९ सार्वजनिक सम्पत्ती तथा जिन्सी व्यवस्थापन

९.१ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा र सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई आर्थिक वर्ष २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने र अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फाराम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख नगरेकोले जिन्सीको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तोकिएको फारामको प्रयोग गर्नुपर्दछ ।
- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरूको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकाले खरिद गरेका जिन्सी सामग्रीहरूको पूर्ण रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राखेको देखिएन साथै वडागत रुपमा खरिद भएका जिन्सीहरू समेत वडा कार्यालयमा जिन्सी खाता तयार गरी मेनुयल रूपमा दाखिला गरी प्रविष्टी गरेको पाइयो । अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।
- पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण तयार गरेको छैन ।
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोष तथा लेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।
- महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१।८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८१।८२ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको

मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा पालिकाले सोको लेखापरीक्षणको क्रममा अल्या सारी पेश गरेको छ । अल्या सारिएको जिन्सी मौज्दातलाई जिन्सी निरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

९.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१० सेवा प्रवाह

पालिकाको मूख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ पञ्जिकरण दर्तामा जन्मदर्ता १८७, मृत्युदर्ता ६२, नागरिकता सिफारिस ३०२, घरबाटो सिफारिस ४४, नाता प्रमाणित ९५ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

११ कानून निर्माण एवं कार्यान्वयन

११.१ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, , १५ वटा कार्यविधि गरी ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

११.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष ८ वटा विवाद दर्ता भएकोमा ७ वटा फछ्र्यौट भएको र १ वटा फिर्ता गरेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ आर्थिक सहायता र विविध खर्च

१२.१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले विभिन्न खर्च शीर्षकमा बजेट विनियोजन गरी आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड तयार गरी विभिन्न व्यक्ति तथा संस्थाहरूलाई निम्नानुसार रु.१०,९२,८६०.०० खर्च लेखी आर्थिक सहायता वितरण गरेको छ । वितरण गरेको रकम प्राप्त गर्ने नागरीकको विवरण तयार गरी पालिकाले आफ्नो विद्युति वेभ साईटमा सार्वजनिक

गरेको छैन् । वितरणको एकीकृत विवरण तयार गरी वेभ साईट मार्फत प्रकाशन गर्नु पर्दछ । पालिकाले आर्थिक सहायता वितरण गर्दा आन्तरिक श्रोतलाई ध्यान दिई सोही बजेटबाट यस्तो खर्च लेख्नु पर्दछ ।

बजेट शीर्षक	**स्रोत**	**बजेट**	**लाभान्विद संख्या**	**खर्च तथा वितरण**
गाउँपालिकाको बजेटबाट				
विविध कार्यक्रम खर्च	राजस्व बाँडफाँड-संघीय सरकार	-	३	६००००
विविध खर्च	राजस्व बाँडफाँड-संघीय सरकार	-	३	१२००००
प्रकोप व्यवस्थापन	राजस्व बाँडफाँड-संघीय सरकार	२०००००	४	२०००००
विपद व्यवस्थापन कोष	समानिकरण अनुदान-नेपाल सरकार	१५०००००	१३	५६२८६०
मृत्यु संस्कार खर्च	सामानिकर अनुसदान- प्रदेश सरकार	१५००००	३०	१५००००
जम्मा			**५३**	**१०९२८६०**

१२.२ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकातर्फ रू.१६,२७,३७८.०० खर्च गरेको छ । त्यस्तै गाउँसभा सञ्चालन खर्च वापत रू. १५००००.०० खर्च लेखेको छ । पालिकाले केही भुक्तानीमा कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परीक्षण गर्न सकिएन । पालिकाको आन्तरिक आय न्यून भएको हुँदा विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

१३ सफ्टवेयर खरिद

पालिकाले आर्थिक बर्ष २०८०।८१ मा सम्झौता गरी एकिकृत सफ्टवेयर (दर्ता चलानी, PIS, न्यृयीक समिति, योजना, परियोजना आदि) प्रणाली खरिद गरी नेटवर्क एशोसिएट्स प्रा.ली. लाई मिति १५६।२०८१।३।२४ बाट रू.४९५१५० र यस बर्ष रु.४९५१००। गरी रु.९९०२५०। भुक्तानी गरेको छ । नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका,२०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी स्पष्ट व्यवस्था भएको देखिएन । अतः पालिकाले सफ्टवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिएर मात्र प्रयोग गर्नुपर्दछ ।

१४ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने बिषयलाई प्राथकिता दिई योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । पालिकाले आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१५ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरेतापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

१६ **कार्यक्रमको अनुगमन**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को नियम १६ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक बर्षमा निम्नानुसारको कृषि तथा पशुतर्फ विभिन्न कार्यक्रममा रु.४६००००० खर्च गरेको देखिन्छ ।

कृषितर्फ

सि.नं.	विवरण	बजेट	खर्च रकम	लाभान्वित कृषक
१	चिया प्रबर्धन कार्यक्रम	१५०००००	१५०००००	३ वटा कृषक समूह
२	बिउ बिजन खरिद तथा वितरण	४०००००	४०००००	पालिकाभित्र
३	जैविक बिषादी तालीम	२०००००	२०००००	
जम्मा			**२१०००००**	

पशुतर्फ

सि.नं.	कार्यक्रम	बजेट	खर्च	लाभान्वित कृषक
१	चौरी व्यवसाय प्रबर्धन कार्यक्रम	१५०००००	१५०००००	पिके मेनजुङ याक तथा चौरी समूह
२	याक प्रबर्धन कार्यक्रम	७०००००	७०००००	याक प्रबर्धन तथा चौरी समूह
३	पशुपन्क्षी खोपको लागि	३०००००	३०००००	
जम्मा			**२५०००००**	

वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान भुक्तानी दिएकै आधारमा अनुदानको उच्चतम सदुपयोगको सुनिश्चितता हुने अबस्था देखिएन । वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता समेत गरेको छैन । अनुदान पश्चात अनुदानग्राहीको जीवनस्तरमा के कस्तो परिवर्तन आयो सो समेत बिश्लेषण हुन आवश्यक देखिन्छ । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१७ **पुँजीगत खर्चको आन्तरिक नियन्त्रण**

१७.१

पुँजीगत खर्चको अवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रू.७१९६८४८६.०० खर्च गरेकोमा खुल्ला बोलपत्रबाट रु.३१४६८९७६.४२, सिलबन्दी दरभाउपत्रबाट रु.३९८२४१७.००, सोझै खरिद विधिबाट रु.६२४३६२४.०० र उपभोक्ता समितिबाट रू.२८७८२३५८.५८ विभिन्न योजनाहरुमा खर्च गरेको छ । सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१७.२ **वार्षिक खरिद योजना/गुरूयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.७१९६८४८६.०० पुँजीगत खर्च गरेको छ । पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएको देखिएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७.३ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

१७.४ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१७.५ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखे गरेको पाइएन । यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकता अनुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

१८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन ।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१९ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा

सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

२० **मर्मत सम्भार कोष**

प्रमाण बेगर भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने । त्यस्तै नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक नापी कितावको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । गत आर्थिक बर्ष २०८०।८१ को मिति २०८०।४।६ र ७ गतेको अबिरल बर्षाको कारण पहिरो गएको र सो पहिरो व्यवस्थापन गर्न पालिकाको मर्मत संभार कोषबाट शंकर बहादुर बस्नेतलाई २०८०।९।६ को सर्जिमिन मुचुल्का र वडा नम्बर ३ को सिफारिसको आधारमा बिल भरपाई बेगर रु.५००००। यस बर्षको बजेटमा समेत समावेश नगरी कार्यपालिकको २०८१।९।४ को निर्णयानुसार भुक्तानी गरेको देखियो । यसरी सार्वजनिक खरिद नियमावलीको पालना नगरी बिल भरपाई बेगर भुक्तानी भएको रु.५००००। शंकर बहादुर बस्नेतबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५०,०००

२१ **पेस्की बाँकी**

२१.१ **कर्मचारी पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमको लागि सहायक पाँचौ राम बहादुर बस्नेतलाई उपलब्ध गराएको रु.२०००००.०० पेस्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी रहेको छ । वाँकी पेस्की फर्स्यौट गरी प्रमाण पेश गर्नु पर्ने रु.

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
२१.१.१	सहायक पाँचौ राम बहादुर बस्नेत	२००,०००

पेश्की	२,००,०००

२१.२ **संस्थागत पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले हिमगंगा मा.वि. को अधुरो भवन निर्माणका लागि हिमगंगा मा.वि.लाई गत विगतको आर्थिक वर्षमा उपलब्ध गराएको रु.५०००००.०० पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको छ । नियमावलीले तोकेको अवधीभित्र फर्स्यौट गर्नेतर्फ पेस्की लिने र दिने दुवैले ध्यान दिनु पर्दछ ।

२१.३ **मोबिलाइजेशन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले गत आर्थिक वर्ष ५ सैयाको आधारभूत अस्पताल निर्माणका लागि निर्माण व्यवसायी धौलागिरी / बंगलामुखी जे.भी.लाई उपलब्ध गराएको मोबिलाइजेशन पेश्की रू.५९,९३,५००.०० आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र नियमानुसार बाँकी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

२२ **विपद् जोखिमको वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, आर्थिक विवरण बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ५ वटाको मात्र विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन अनुसार ४ वटा सहकारी सम्पर्कमा नआएको विवरण पेश भएको छ । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे यकिन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२४ **आन्तरिक आय व्यवस्थापन**

२४.१ **राजश्व आयको प्रवृत्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

आर्थिक वर्ष	आय अनुमान	असुली
२०७९/८०	१,४०,४७,८२४.००	९५,१८,८४६.७६
२०८०/८१	१,०७,७९,५००.००	९०,४६,४३८.९३
२०८१/८२	१,५६,६०,६९८.००	२१,६८,३५७.४७

पालिकाको बिगत ३ बर्षको आन्तरिक आय बिश्लेषण गर्दा २०७९।८० मा ९५ लाख १८ हजार, २०८०।८१ मा ९० लाख ४६ हजार र २०८१।८२ मा २१ लाख ६८ हजार रहेको विवरण पेश भएको छ । पालिकाले आफ्नो आन्तरिक आम्दानी बढाउदै बिकास निर्माणमा योगदान गर्नुपर्नेमा आन्तरिक आम्दानी क्रमश घट्दै गएको देखिन्छ । अत आन्तरिक आम्दानीको थप श्रोतहरु पहिचान गरी आम्दानी बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १५६६०६९८.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू.२१६८३५७.४७ हजार अर्थात अनुमानको १३.८५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउन र राजस्व आय वृद्धि गर्नु पर्दछ ।

२४.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१७७३४४९१२.३४	२१६८३५७.४७	१.२२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.४ **आन्तरिक राजस्व अनुमान तथा असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटोरी शुल्क उठाउने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले जम्मा रु.१५६६०६९८.०० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा देहायअनुसार रु.२१६८३५७.४७ आम्दानी गरेको देखियो । शीर्षकगत अनुमान र असुलीको विवरण निम्नानुसार रहेको छ:

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	असुली	असुली हुन बाँकी	असुली प्रतिशत
१	११३१३	सम्पती कर	१०००००.००	७०१०४.५०	२९८९५.५०	७०.१०
२	११३१४	भुमिकर/मालपोत	३०००००.००	१५९९९४.७१	१४०००५.२९	५३.३३
३	११३१७	वहाल कर	४०००००.००	१०७१३०.००	२९२८७०.००	२६.७८
४	११४५१	सवारी साधन कर (साना सवारी)	०.००	२००.००	-२००.००	०.००
५	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	४८०००००.००	०.००	४८०००००.००	०.००
६	११६११	व्यवसायले भुक्तानी गर्ने	९७१७४६.००	१०००.००	९७०७४६.००	०.१०
७	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०.००	४६२९५.००	-४६२९५.००	०.००
८	११६९१	अन्य कर	२०००००.००	४८७९२६.४०	-२८७९२६.४०	२४३.९६
९	१४१९१	पर्यटन शुल्क	२००००००.००	०.००	२००००००.००	०.००
१०	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	०.००	२५००.००	-२५००.००	०.००
११	१४२१८	विद्युत सेवा शुल्क	१०००००.००	०.००	१०००००.००	०.००
१२	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	०.००	४६८८६.४५	-४६८८६.४५	०.००
१३	१४२२१	न्यायिक दस्तूर	०.००	१००.००	-१००.००	०.००
१४	१४२२४	परीक्षा शुल्क	५५००००.००	१७५००.००	५३२५००.००	३.१८
१५	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०.००	४६१००.००	-४६१००.००	०.००
१६	१४२४३	सिफारिश दस्तुर	२५००००.००	१४५२००.००	१०४८००.००	५८.०८
१७	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	०.००	५२१००.००	-५२१००.००	०.००
१८	१४२४५	नाता प्रमाणित दस्तुर	५०००००.००	१३९००.००	४८६१००.००	२.७८
१९	१४२४९	अन्य दस्तुर	४०००००.००	९२१२५.०५	३०७८७४.९५	२३.०३
२०	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०.००	३७५७५.००	-३७५७५.००	०.००
२१	१४३१३	धरौटी सदरस्याहा	१७२०००००.००	०.००	१७२०००००.००	०.००
२२	१४५२९	अन्य राजस्व	२००००००.००	१२०१०६.३६	१८७९८९३.६४	६.०१
२३	१४५३१	सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम	२५००००.००	०.००	२५००००.००	०.००
२४	१४६११	व्यवसाय कर	०.००	४७५०.००	-४७५०.००	०.००
२५	१५१११	बेरूजू	६५००००.००	२४७९१२.००	४०२०८८.००	३८.१४
२६	१५११३	अनुदान फिर्ता	४६८९५२.००	४६८९५२.००	०.००	१००.००
जम्मा			**१५६६०६९८.००**	**२१६८३५७.४७**	**१३४९२३४०.५३**	**१३.८५**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१/८२ मा रू.१ करोड ५६ लाख ६१ हजार असुली हुने अनुमान गरेकोमा रू.२१ लाख ६८ हजार असुली गरेको छ जुन असुली अनुमानको तुलनामा १३.८५ प्रतिशत हो । कतिपय आम्दानी शीर्षकमा असुली

शुन्य देखिन्छ भने कतिपय शीर्षकमा अनुमान समेत शुन्य देखिन्छ । पालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुलीबिच अन्तर रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा.नं.११२) र करदाताको गोश्वारा लगत फारम (म.ले.प.फा.नं.११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याई कर संकलनमा बढोत्तरी गर्नु पर्दछ । आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२४.५ **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष रु.२१६८३५७ राजस्व आम्दानी गरेकोमा पालिकाका वडाहरुबाट आर्थिक बर्षको अन्त्यमा एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो । जसको केही उदाहरण निम्नानुसार छन् । ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सि.नं.	वडा नम्बर	राजस्व रकम	दाखिला मिति
१	३	२१५४५८।२०	२०८२।३।१२
२	३	६१०२९।६१	२०८२।३।२६
३	५	१०६२८९।७५	२०८२।३।१९

२४.६ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र कति सामुदायिक वन रहेको सोको विवरण समेत पेश भएन । सोको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

२५ स्थानीय सामग्रीको उत्खनन् र विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको प्रयोगलाई नियमन गर्न आर्थिक ऐन, २०८१ राजपत्रमा प्रकाशन गरी आर्थिक बर्ष २०८१।८२ को लागि प्रति घनमिटर रु.१००। दरमा रोयल्टी असूली गरेको देखियो। पालिकाबाट भुक्तानी हुने योजनाहरुमा निर्माण भएको संरचनाको परिमाणको आधारमा रोयल्टी असूली गरेको देखिए तापनि पालिका क्षेत्रभित्र रहेको अन्य विभिन्न परियोजनाका कार्य सञ्चालनमा प्रयोग भएको स्थानीय सामग्रीको भने रोयल्टी असूली भएको छैन। यस सम्बन्धमा गत वर्षको प्रतिबेदनमा समेत व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो।

२६ **धरौटी फिर्तामा कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा निर्माण लगायत खरिद कार्यको बिल भुक्तानी गर्दा भुक्तानी गरिएको रिटेन्सन मनी फिर्ता गर्दा पालना गर्नुपर्ने सर्तहरू तोकिएका छन् । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार सम्बन्धित वर्षको कर चुक्ता प्रमाणको अतिरिक्त मूल्य अभिवृद्धि कर समायोजन पत्र समेतका आधारमा धरौटी फिर्ता गर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धी कर सामायोजन गरेको प्रमाण संलग्न नगरी धरौटी फिर्ता दिएको देखियो । अत: मूल्य अभिवृद्धि कर समायोजन प्रमाणपत्र पेश नभएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

गौश्वारा भौचर रमिति	धरौटी फिर्ता लिने	काम	रकम
२७।२०८२।३।२५	ओम बालाजी/आरोण जेभि	NCB/WORK/LPKRM/080/81 2	३३७१६७
२६।२०८२। ३।१८	पि आर निर्माण सेवा	१ र २ नम्बर वडा भवन निर्माण	६८३०३६
२५।२०८२। ३।१८	पि आर निर्माण सेवा एण्ड एनएस कन्स्टक्सन जेभि	४ र ५ नम्बर वडा कार्यालय भवन निर्माण	६४८२५९
जम्मा			**१६६८४६२**

प्रमाण पेश नगरेको	१६,६८,४६२

२७ **अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम (करुणा फाउण्डेशन)**

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र करुणा फाउण्डेशन नेपालबिच मिति २०७६।६।८ गते भएको संझौता अनुसार लिखुपिके गाउँपालिका र करुणा फाउण्डेशन नेपालबिच अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि मिति २०८०।१०।१ गतेबाट कार्यक्रम सुरु गरी २०८३ पौष मसान्त सम्म संचालन गर्ने गरी २०८०।०९।१७ मा सम्झौता भएको छ । सम्झौता अनुसार यस बर्ष प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनको क्रमश: रु.७९७९०१।- का दरले लगानी गरी रु. २३९३७०४।- को ३० वटा कृयाकलाप संचालन गर्ने लक्ष्य रहेकोमा जन्मदोष पहिचान भएका नवजात शिशुको उपचार कार्यक्रम सञ्चालन भएको देखिएन । बाँकी रहेका २९ वटा कार्यक्रममा यसवर्ष रु.२२२९०१० खर्च भएको देखियो । सम्झौता अनुसार प्रत्येक साझेदारी संस्थाले रु.७४३००३ का दरले यस वर्ष खर्च व्यहोर्नु पर्नेमा प्रदेश सरकारबाट रु.७९८००० प्राप्त भएकोमा रु.७४३००३ मात्र खर्च भई बाँकी रु.५४९९७ फिर्ता गरेको छ । पालिका र करुणा फाउण्डेशन रु.७४३००३.०० का दरले खर्च गरेको छ । कार्यक्रमले लिएको उद्देश्य अनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन तथा सोको अनुगमन गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२८ **भ्रमण खर्च व्यवस्थापन**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण खर्च नियमावली, २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गरी भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण खर्चमा रू.१९,९९,५९०.०० खर्च लेखेको छ । पालिकाका पदाधिकारी र कर्मचारीहरूको भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खाता आंशिक रुपमा मात्र प्रयोग गरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरेको र फर्किदा प्रतिवेदन पूर्ण अवधीको कार्य विवरण खुल्ने गरी पेश गर्ने नगरेको पाईयो । पालिकाले उल्लेखित नियम तथा कार्यविधिहरूको पालना गर्दै भ्रमण खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

२९ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस

हजार रूपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ ।पालिकाले विभिन्न शीर्षकको रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुकको पुर्ण विवरण नराखेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्नु पर्ने देखिन्छ । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

३० इन्धन खर्चको मापदण्ड

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । पालिकामा ३ थान चार पाङ्ग्रे (१ थान एम्बुलेन्स, १ थान जीप र १ थान पिकअप भ्यान) र ११ थान दुई पाङ्ग्रे सवारी साधन रहेकोमा यस वर्ष इन्धनको लागि रु.१८ लाख बजेट विनियोजन गरी रु.१५२५७३४.०० खर्च गरेको छ । त्यस्तै वडा कार्यालय संचालन खर्च शिर्षकबाट इन्धनको भुक्तानीको सोधभर्ना वडा सचिवले लिने गरेकोले वडा कार्यालयमा प्रयोग भएको इन्धनको विवरण प्राप्त नभएकोले सो सम्बन्धी थप विश्लेषण गर्न सकिएन । वडा कार्यालयले बजेट विनियोजन गर्दा खर्च अनुसारको बजेट विनियोजन गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी इन्धनको कोटा निर्धारण गरी र एकीकृत उपयोगको विवरण खुल्ने अभिलेख राखी इन्धन खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३१ सवारी साधन मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकामा ३ थान चार पाङ्ग्रे (१ थान एम्बुलेन्स, १ थान जीप र १ थान पिकअप भ्यान) र ११ थान दुई पाङ्ग्रे सवारी साधन रहेकोमा यस वर्ष सवारी साधन मर्मतमा रु.१३१०५३८.०० खर्च लेखेकोमा लागत अनुमान तयार गरेको देखिएन। पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको सवै किसिमको मर्मतको अवस्था देखिने गरी मर्मत अभिलेख पाम्समा राख्ने गरेको देखिएन । पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा मितव्ययीता कायम गरी मर्मत खर्च गर्नुपर्दछ ।

३२ गत आर्थिक वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचाको म.ले.प.फारम २२१ भुक्तानी दिन बाँकीको कच्चावारी तयार गरी प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी बाँकी प्रमाणित नगराई निम्नानुसार गत आर्थिक वर्षको भुक्तानी दिएको लेखापरीक्षणबाट देखियो । यसरी भुक्तानी बाँकीको कच्चावारी प्रमाणित नगराई भुक्तानी दिएको अनियमित रु.

गो.भौ.नं.-मिति	बजेट शिर्षक	विवरण	बजेट खर्च रकम
५-२०८१।५।२६	गा.पा.-चालु	चिया नर्सरी निर्माण वडा नं.४	१५००००
१९-२०८१।६।१	गा.पा.-चालु	गत आ.व. विविध खर्च गा.पा.अध्यक्षलाई सोधभर्ना	२५६८९
२४-२०८१।६।४	गा.पा.-चालु	खेलकुद कार्यक्रमको गत आ.व.को छुट भुक्तानी	३२९६७२
११७-२०८१।६।१८	गा.पा.-चालु	पानी तोरी मिल सञ्चालकको पारिश्रमिक	१६७२००
१३७-२०८१।०८।१७	गा.पा.-चालु	२०८० चैत्र देखि २०८१ असारमसान्तसम्मको एम्बुलेन्स चालकको थप पारिश्रमिक	४५०००
२५५-२०८१।१०।०३	गा.पा.-चालु	गत आ.व.को गाउँसभा र कार्यपालिकाको बैठक भत्ता	१४४०००
२७३-२०८१।१०।१०	गा.पा.-चालु	वडा नं.२ को खेलाडी सहभागिताको लागि भएको खर्च	१०००००
जम्मा			**९६१५६१**

अनियमित भएको	९,६१,५६१

३३ शीर्षक फरक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली, २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसार फरक खर्च शीर्षकबाट खर्च गरेको देखियो । पालिकाले खर्च लेख्दा सम्बन्धित खर्च शीर्षकबाट खर्च नलेखेकोले नियमसम्मत नदेखिएको रु.

भौचर नं.-मिति	बजेट उपशिर्षक	विवरण	खर्च गर्नुपर्ने शीर्षक	खर्च गरेको शीर्षक	रकम
२१७-२०८१।९।१९	गा.पा.चालु	खेलकुद कार्यक्रमको रकम भुक्तानी	खेलकुद कार्यक्रम	आकस्मिक तथा भैपरी कोष	९९०००

अनियमित भएको	९९,०००

३४ अन्य निकायका कर्मचारीको भ्रमण भत्ता भुक्तानी

अन्य सरकारी कार्यालयको खर्चका लागि सम्बन्धित कार्यलयको बजेटमा नै सो खर्च शीर्षकमा बजेट समावेश भएको हुने र नपुग भए सम्बन्धित कार्यलयले कानुनी प्रक्रिया पुरा गरी बजेट व्यवस्था गरी सोही कार्यालयबाट नै खर्च लेख्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसार अन्य निकायका कर्मचारीहरुको भ्रमण भत्ता भुक्तानी दिएको देखियो। यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको कार्यालयका कर्मचारीलाई भ्रमण भत्ता पालिकाबाट भुक्तानी हुने समेत उल्लेख नगरी पेश भएको भ्रमण आदेश र भ्रमण विलका आधारमा भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.-मिति	कार्यालयको नाम	कर्मचारीको पद, नाम र थर	भ्रमण अवधी	भ्रमण स्थान	खर्च रकम	कैफियत
१५४-२०८१।८।२७	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	कम्प्यूटर अपरेटर कुमार भुजेल	२०८१।६।७-६।१३	सोलुखुम्बु	१४०००	भ्रमण आदेशमा पालिकाबाट भुक्तानी हुने भनी स्वीकृत नभएको ।

अनियमित भएको	१४,०००

३५ अन्य निकायको खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरूलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरूको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसंस्थाहरूलाई विभिन्न कामको लागि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.-मिति	कार्यलय/संस्थाको नाम	वापत	भुक्तानी रकम
११०-२०८१।६।१८	प्रहरी चौकी चौलाखर्क	मौला पुजा	५००००
१८०-२०८१।९।११	अस्थायी प्रहरी चौकी गोली	मौला पुजा	२००००
१८९-२०८१।९।२४	अस्थायी प्रहरी चौकी गोली	मौला पुजा	३००००
जम्मा			**१०००००**

अनियमित भएको	१,००,०००

३६ मसलन्द तथा कार्यालय सामग्री व्यवस्थापन

सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ मा जिन्सी सम्पत्तीको उपयोग र व्यवस्थापन सम्बन्धी व्यवस्था गरेकोमा अत्यावश्यक बाहेकका जिन्सी मालसामान खरिद नगर्ने र खरिद गर्दा मितव्ययी एवं प्रभावकारी तवरले गर्नु गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सोझै खरिद विधिबाट वर्षभर रू.२० लाख ६१ हजार मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा खर्च गरेको छ । पालिकाले खरिद गरेको सामाग्री पाम्समा दाखिला गरी खर्च लेखेको तर वडा कार्यालयबाट भएको खरिद पाम्समा दाखिला नगरी खर्च लेखेको छ । यसरी एकीकृत रुपमा खरिद गरी वडा कार्यालयमा पालिकाबाट कार्यालय सामाग्री उपलब्ध नगराएको कारण वडा कार्यालयले खरिद गरेको मसलन्द तथा कार्यालय सामाग्रीको एकीकृत विवरण प्राप्त हुन नसकेको हुँदा वडा कार्यालयबाट हुने खरिदलाई पाम्समा दाखिला गरेर मात्र खर्च लेख्नु पर्दछ । मसलन्द खरिदलाई व्यवस्थित गर्दै यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्ने देखिन्छ ।

३७ प्रमाण पेश नभएको

(✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३४,८०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३८ यातायात खर्च

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को परिच्छेद नं ७.१.१५ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २ दिन सम्मको लागि एकमुष्ट रु.२००। र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५००। भुक्तानी दिन सकिने उल्लेख छ । पालिकाबाट सञ्चालन भएको देहायका कार्यक्रममा सहभागिलाई रु.५००। का दरले भुक्तानी गर्दा नर्म्स भन्दा बढी हुने गरी भुक्तानी गरेकोले कार्यक्रममा निर्देशिका भन्दा फरक खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

कार्यक्रम	सहभागि संख्या	भुक्तानी दर	हुनुपर्ने दर	भुक्तानी रकम
५।२०८२।३।११ जैविक विषादि सम्बन्धि १ दिने तालिम कार्यक्रममा	४० जना प्रति देखि ५ वडामा १/१ दिन	५००	२०० पुरै अवधिको	१०००००
२०९।२०८२। ३।२० वेकरी सम्बन्धी ७ दिने सिप विकास तालिम	३० जना	५००	५०० पुरै अवधिको	१०५०००
२१।२०८२। २।२६ विषयगत शिक्षकको ३ दिने क्षमता विकास तालिम	१७	६००	५०० पुरै अवधिको	२०४००

३९ चिया नर्सरी निर्माण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले लिखु खोला साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई ५० प्रतिशत साझेदारीको गो.भौ.नं.५-२०८१।५।२६ बाट चिया नर्सरी निर्माणको भुक्तानी गर्दा निम्नानुसारको भुक्तानीमा विल भरपाई बेगर भुक्तानी दिएको देखियो । यसरी भुक्तानी भएको रकमको विल भरपाई पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.

विवरण	संख्या	जम्मा रकम	पालिकाको अनुदान रकम
बाँस	५७	६२७०	३१३५
सिंचाईको लागि पाईप	२ क्वाइल	३००००	१५०००
जम्मा		**३६२७०**	**१८१३५**

प्रमाण पेश नगरेको	१८,१३५

४० बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१ रितपूर्वकको कर विजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका फर्मबाट रु.९८३९७७.१४ को खरिद गरेको छ । तसर्थ उक्त फर्मले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौचर नं र मिति	फर्मको नाम	बिजक नं र मिति	पान नं.	विजकको अवस्था	बिल रकम	मू.अ.कर
९९-२०९१।०६।१८	वेष्ट टेक सेन्टर	BTC-1028/81-82 2081-06-06	३०१७९३९७७	फोटोकपी विल	८७१६८	११३३२
४७९-२०८२।३।२२	सुनगाभा ट्रेड लिंक	४३७-२०८२।३।१८	६००६३६८३६	फोटोकपी विल	५४९६५	७१४५
		४३८-२०८२।३।१८			५४२७४	७०५६
		४३९-२०८२।३।१८			१०५३५५	१३६९६
		४४०-२०८२।३।१८			६७७७०	८८१०
		४४१-२०८२।३।१८			१७१९०५	२२३४८
		४४२-२०८२।३।१८			१५२२००	१९७८६
जम्मा					६९३६३७	९०१७३

प्रमाण पेश नगरेको	९०,१७३

४२ प्रमाण पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको भुक्तानीमा कैफियतमा उल्लेख भए बमोजिमको प्रमाण कागजात बेगर भुक्तानी दिएको देखिएकोले सो प्रमाण पेश गर्नु पर्ने रु.

गो.भौ.नं.-मिति	भुक्तानी पाउनेको नाम	विवरण	भुक्तानी रकम	कैफियत
२८३-२०८१।१०।११	वि.एन.एस. ट्रेडर्स	विभिन्न ३ आ.वि. लाई ३ थान स्मार्ट टेलिभिजन हस्तान्तरण	१०६५००	विद्यालयको खर्च भएर नजाने जिन्सीमा दाखिला गरेको प्रमाण पेश नभएको ।
४०४-२०८२।३।६	दिलिप कुमार खड्का	अफिस टेबल २ थान, प्लाष्टिक कुर्सी २५ थान	३७७५०	पाम्स दाखिलाको प्रमाण पेश नभएको ।
५०९-२०८२।३।२४	आइ टि ट्रेड एण्ड सप्लायर्स	क्यानन प्रिन्टर १ थान	२४८६०	पाम्स दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने ।
जम्मा			**१६९११०**	

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२९०,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,६९,११०

४३ कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा कर कट्टी सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं.२७४-२०८१।१०।१० बाट ग्राण्ड लिगल सर्भिस प्रा.लि. लाई परामर्श सेवा वापतको भुक्तानी दिँदा रु.६०००० को प्यान विल जारी गरेको अवस्थामा १५ प्रतिशतले हुने रु.९००० कर कट्टा गर्नु पर्नेमा रु.९०० मात्र कर कट्टा गरेकोले घटी कर कट्टी(रु.८१००) भएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	८,१००

४४ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्धेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरूको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरूको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । यस सँग सम्बन्धित उदाहरण देहाय बमोजिम रहेको छ:

गो.भौ.नं.-मिति	**सेवा प्रदायक**	**कार्यक्रमको विवरण**	**भुक्तानी रकम**
२८९-२०८१।१०।१३	ग्रामिण क्षेत्र विकास प्रवर्द्धन प्रा.लि.	महिला लक्षित क्षमता विकास कार्यक्रम	१८६०००

४५ **अनुत्पादक खर्च**

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका अनुत्पादक कार्यक्रममा पालिका तथा वडागत रुपमा बजेट विनियोजन तथा कार्यपालिकाबाट रकमान्तर गरी सञ्चालन गरेको देखियो । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

विवरण	**खर्च**
पालिका स्तरीय तिज विशेष कार्यक्रम	१२००००
वडा नं.२ को तिज विशेष कार्यक्रम	१०००००

४६ **महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम**

यस स्थानीय तहका महिलाहरूलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम सन्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गत ५ वडामा विभिन्न ५ योजना सन्चालन गरेको छ । यस बर्ष ५० जना वेरोजगार व्यक्तिलाई न्यूनतम ३० दिनको पालिकाको अदक्ष कामदारको ज्याला रु.९०० को असी प्रतिशतले हुने रु.७२० का दरले योजनामा रोजगार संलग्न गराई आवश्यक सामाग्री समेतको रू.१५ लाख खर्च लेखेको छ। पालिकाको नियमित योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम र महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । पालिकाले यस कार्यक्रम सञ्चालनका लागि तयार गरेको कार्यविधिमा महिलाको ७० प्रतिशत र पुरुषको ३० प्रतिशत सहभागिता हुने उल्लेख गरेकोमा सो अनुपातमा रोजगारीमा संलग्न गरेको पाईएन । कार्यविधिको समेत पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

४७ **अध्यक्ष कृषि पर्वद्धन कार्यक्रम**

पालिकाले यस आर्थिक वर्षबाट अध्यक्ष कृषि पर्वद्धन कार्यक्रम सञ्चालनमा ल्याएको देखियो । यसको लागि पालिकाले रु.१० लाख बजेट विनियोजन गरेकोमा रु.१४७९८६.०० मात्र खर्च गरेको छ । पालिकामा कृषि शाखा रहेको अवस्थामा एक कार्यक्रम सञ्चालनका

लागि मात्र सहायक पाँचौ पदमा शान्ता वस्नेतलाई २०८२ जेठ ४ मा नियुक्त गरी रु.६५९८६.०० पारिश्रमिक भुक्तानी गरेको देखियो । कृषि शाखाबाट हुन सक्ने कार्यको लागि छुट्टै कर्मचारी नियुक्त गरी पारिश्रमिक भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६५,९८६

४८ **असम्बन्धित पदाधिकारीलाई बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **करार कर्मचारीलाई स्थानीय भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६६,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५० **शिक्षातर्फ**

५०.१ **शिक्षक विद्यार्थि अनुपातः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र स	विद्यालयको नाम	बाल विकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहत	PCF	अस्थायी लियन	रिक्त दरबन्दी	जम्मा दरबन्दी	विद्यालय कर्मचारी	विद्यार्थी सं.
१	श्री बुद्ध मा वि गोली	२	६	१	६	१	१	०	१५	२	१८९
२	श्री चन्द्रज्योति मा वि	१	७	२	१	२	०	०	१२	२	१५५
३	श्री हिमगंगा मा वि	२	८	३	०	०	०	२	१३	२	२६४
४	श्री जनसेवा आ वि	१	४	१	१	१	०	०	७	१	९०
५	श्री बुडाकिन्जा आ वि	१	३	०	१	१	०	०	५	१	६५
६	श्री कमलामाई आ वि	१	२	१	०	१	०	०	४	१	१००
७	श्री गोली आ वि	१	३	१	१	०	०	०	५	१	२२
८	श्री सरस्वती आ वि	१	१	०	०	०	०	०	१	१	२१
९	श्री जनचेतना आ वि	१	१	१	०	०	०	०	२	१	११
१०	श्री मन्जुश्री आ वि	०	१	०	१	०	०	०	२	१	१७
११	श्री महादेव आ वि	१	२	०	०	०	०	०	२	१	३१
१२	श्री चण्डेश्वरी आ वि	२	२	०	०	०	०	०	२	१	३२
१३	श्री रिगेल्मु आ वि	१	०	०	०	०	०	०	०	१	५
१४	श्री सेतिभूमे आ वि	१	०	०	१	०	०	०	१	१	१६
१५	श्री सिंहसेतिदेवी आ वि	१	०	०	०	०	०	०	०	१	८
१६	श्री सिरुवा आ वि	२	०	०	१	०	०	०	१	१	२६
१७	श्री विद्यादात्री आ वि	१	१	०	१	०	०	०	२	१	१७
१८	श्री छिम्बु आ वि	१	२	०	१	०	०	०	३	१	२४
१९	श्री लुमुकर्मा आ वि	१	१	०	०	०	०	०	१	१	१४
२०	श्री नमुना आ वि	१	२	०	१	०	०	०	३	१	२२
२१	श्री सगरमाथा आ वि	२	१	१	१	०	०	०	३	१	४६

२२	श्री गौरीशंकर आ वि	०	०	०	०	०	०	०	०	१	७
	जम्मा	**२५**	**४७**	**११**	**१७**	**६**	**१**	**२**	**८४**	**२५**	**११८२**

उपर्युक्त तालिका अनुसार पालिका भित्र २२ विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी ८४ र विद्यार्थी संख्या ११८२ रहेको देखिन्छ। सो मध्ये श्री रिगेल्मु आ वि ५ विद्यार्थी मात्र रहेकोमा शुन्य शिक्षक दरवन्दी रहेको, त्यसै गरी श्री हिमगंगा मा वि सवै भन्दा वढी विद्यार्थी २६४ रहेको र शिक्षक दरवन्दी १३ जना रही शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ । तसर्थ पालिकाले नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

५०.२ **निजी शिक्षक -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरूबाट पठन पाठन कार्य सञ्चालन गरी निजहरूको तलब भत्तामा खर्च लेखेको अतिरिक्त निम्नानुसारका सामुदायिक विद्यालयहरुका लागि बजेट विनियोजन गरी रू.४७०१४६३.०० समानिकरणबाट बजेट खर्च लेखि विद्यालयलाई निकासा दिएको देखियो । दरबन्दी स्वीकृत नगरी शिक्षक नियुक्त गरी निकासा दिएको नियमसम्मत नदेखिएको रू.

गो.भौ.नं.-मिति	**ब.उ.शि.नं.**	**विद्यालयको नाम**	**भुक्तानी अवधी**	**बजेट शिर्षक**	**निकासा रकम**
३५०-२०८२।२।१२	गा.पा.-चालु	विभिन्न १४ विद्यालय	२०८१ माघदेखि चैत्रसम्मको	निजी शिक्षक तलबभत्ता	११८१७१०
४१७-२०८२।३।११	गा.पा.-चालु	विभिन्न २० विद्यालय	२०८२ बैशाखदेखि असार		१५०३५९४
५०३-२०८२।३।२४	गा.पा.-चालु	मञ्जश्री आ.वि.	२०८१ साउनदेखि २०८२ असार		७३०००
२-२०८१।६।१६	शिक्षा चालु	विभिन्न १२ विद्यालय	२०८१ साउनदेखि असोज	पालिकाको सहयोगी शिक्षक डसिडी तथा लेखाको कर्मचारीको थप तलब भत्ता	१०५११९४८
४-२०८१।६।१८	शिक्षा चालु	श्री चन्द्र ज्योती मा.वि.	२०८१ साउनदेखि असोज		६००००
११-२०८१।९।२६	शिक्षा चालु	विभिन्न १२ विद्यालय	२०८१ कार्तिकदेखि पौष		८३१२११
जम्मा					**४७०१४६३**

अनियमित भएको	४७,०१,४६३

५०.३ **विद्यालयको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ। पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन। निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन। पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

५०.४ **भ्रमण आदेश वेगर भुक्तानी** - भ्रमण खर्च नियमावली,२०६४ नियम ३ बमोजिम भ्रमण आदेश वा निर्णय वेगर भ्रमण खर्च गर्ने गरी भ्रमणमा जान नपाउने र नियम ७ बमोजिम भ्रमण अवधि तोकेर खटाउन सकिने उल्लेख छ । यस पालिकामा देहायको भ्रमण खर्च भुक्तानी भएकोमा पालिका भित्रमा योजना तथा कार्यक्रम अनुगमन गर्ने कार्यको लागि अवधि नतोकि काज खटाईएको भनि पत्र दिई अनुगमन प्रतिवेदन वेगर दैनिक लाग्ने भ्रमण भत्ताको दरले रकम भुक्तानी गरेको देखियो । यसरी स्पष्ट अवधि नतोकि अनुगमनमा पठाएको उचित नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गरी भ्रमण आदेश लिएर मात्र भ्रमण गर्नु पर्दछ ।

गोश्वारा भौचर/मिति	**कार्यक्रम**	**अनुगमन टोलि संख्या**	**भुक्तानी रकम**
११३।०८१।१०।४	विद्यालय अनुगमन	४ जना	३२५००
२२८।०८२।३।२५	सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण	२ जना	९९६००
१९९।३।१६	विद्यालयको शैक्षिक स्थिति प्रतिवेदन	४ जना	४००००
जम्मा			**१७२१००**

५०.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ सरकारी निकायबाट हुने कार्यक्रम रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान तयार पारी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । पालिकाले देहायका कार्यक्रम सञ्चालन गरेकोमा लागत अनुमान स्वीकृत नगरी लामसमको आधारमा अनुमान तयार पारी कार्य गरेको देखियो । यसले गर्दा कुन कार्यक्रममा कति सहभागि रहने, कति दिनको कार्यक्रम, सहभागिको अन्य खर्च जस्ता खर्चको अनुमान नगरी एकमुष्ट खर्च गरेकोले यकिन हुन नसकेकोले पालिकाले कार्यक्रम सञ्चालन गर्दा नियमानुसार लागत अनुमान तयार गरी सोका आधारमा कार्य सम्मपन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ/मिति	**कार्यक्रम**	**खर्च**
२१।०८२।२।२७ गापा शिक्षा	विषयगत शिक्षकको ३ दिने क्षमता विकास तालिम	१०००००
२०।०८२।२।२७ गापा शिक्षा	अध्यक्षकप खेलकुद प्रतियोगिता	५०००००
१९।०८२।२।२७ गापा शिक्षा	राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता	३०००००

५०.६ **तालिमको भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५०.७ **विद्यालयको लेखापरीक्षण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,५२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५०.८ **स्यानिटरी प्याड** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप २.७.१३.२३ अनुसार सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई १० महिनालाई पुग्ने गरी स्यानीटरी प्याडको व्यवस्थापन गर्नको लागि अनुदान उपलव्ध गराउने व्यवस्था अनुरुप यस पालिका अन्तरगतका २२ विद्यालयका लागि अंकुर डाईग्लोष्टिक एण्ड सर्जिकल सेन्टरसँग ५०४४ प्याकेट प्रति

प्याकेट रु.६८। का दरले खरिद गरी रु.३४२९५२। भुक्तानी गरेको देखियो । स्यानीटरी प्याड (बितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले छात्राको नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, एक छात्रा लाई १० महिनाको एक चक्रमा बढीमा १६ वटा सम्म हुने गरी खरिद गर्नुपर्ने, प्याड खरिद गर्दा शैक्षिक सत्रको सुरुमै खरिद गरी विद्यालयलाई वितरण गर्ने, विद्यालयले सो को चौमासिक प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा बजेट उपलव्धताको आधारमा नगरपालिका अन्तरगतका विद्यालयहरुमा २५२ जना छात्राहरुको लागि खरिद गरेका प्याड सम्बन्धित विद्यालयलाई एकमुष्ट वितरण गरेको देखियो । पालिकाले प्याड खरिद गरी कार्यविधिले तोके अनुसार गरी सहज र गुणस्तरिय प्याड खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५१ स्वास्थ्यतर्फ

५१.१ **औषधी खरिदतर्फ** - पालिकाले यस वर्ष खुल्ला बोलपत्रको माध्यमद्वारा देहायबमोजिम रु.१२३०६५४.०० को औषधी तथा सर्जिकल सामग्री खरिद गरेको छ ।

भौचर नं	शीर्षक	आपूर्तक	खरिद विवरण	भुक्तानी रकम	खरिद विधि
१७	गा.पा.चालु	GOODLUCK SURGICAL AND DENTAL TRADE	स्वास्थ्य संस्थाहरुका लागि आवश्यक निशुल्क र अत्यावश्यक सेवा प्रवाहको लागि औषधि खरिद	२८३४३९.००	खुल्ला बोलपत्र
८२	संघीय चालु		आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद	६१५६९९.००	
२२५	संघीय चालु			३३१५१६.००	
जम्मा				**१२३०६५४.००**	

यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले पालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

ग) औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । साथै भौतिक रुपमा औषधी हस्तान्तरण नगर्दै जिन्सीबाट हस्तान्तरण गरी मौज्दात घटाउने गरेको ।

घ) स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन।

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउनेतर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५१.२ **गाउँपालिका स्वास्थ्य चालुः** २।२०८१।६।१३ गाँउपालिका र एडि ट्रेड कन्सर्न, विराटनगरविच स्वास्थ्य चौकिलाई सोलार खरिद गर्ने कार्यक्रमको लागि सोलार पिभि मोड्युलमा २५ बर्ष, व्याट्रिमा ४ बर्ष र सोलार हाईब्रिड पिसियुमा ५ बर्षे प्रतिस्थापन ग्यारेन्टि प्रदान गर्ने उल्लेख गरेको कोटेशन पेश भई रु.९६६५००।- मा सम्झौता भएको छ । पालिकाले उक्त प्रतिस्थापन ग्यारेन्टिको लागि कुनै पनि धरौटि वा जमानत लिएको देखिएन । सम्झौतामा उल्लेख भए बमोजिमको ग्यारेन्टि लिएर उक्त सामानको मर्मत सम्भारमा सहज वनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५१.३ **पारिश्रमिक करः** २१३।०८२।३।२० आयकर ऐन,२०५८ को दफा ८७ मा नेपालमा स्रोत भएको रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको पारिश्रमिकमा १५ प्रतिशतले पारिश्रमिक कर कट्टा गर्नुपर्ने उल्लेख छ । देहायका कर्मचारीलाई नाईट ड्युटि गरेको रकम भुक्तानी गरेकोमा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा सामाजिक सुरक्षा कर १ प्रतिशत मात्र कट्टा गरेको देखिएकोले निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

कर्मचारीको नाम	**भुक्तानी भत्ता**	**कट्टा गर्नुपर्ने कर**	**अपुग कर**
ज्योति राई	२८०५०	४२०८	३९२७
पार्वति कट्टवाल	११५५०	१७३३	१६१७
पवित्रा जैशी	१३५००	२०२५	१८९०
समिक्षा सिंह	१६५०	२४८	२३१
जम्मा			**७६६५**

असुल गर्नुपर्ने	७,६६५

५१.४ २२८।०८२।३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न गरी भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने तथा आयकर ऐन,२०५८ को दफा ८७ मा नेपालमा स्रोत भएको रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको पारिश्रमिकमा १५ प्रतिशतले पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको भकान्जे स्वास्थ्य चौकिमा कार्यरत अनमी गेल्मु शेर्पालाई नाईट ड्युटि गरेको भनि २२५ दिन बराबरको प्रति दिन रु.१५० का दरले भत्ता भुक्तानी गरेकोमा नाईट ड्युटि गरेको प्रमाण पेश नभएको र निजलाई भुक्तानी गरेको रकममा पारिश्रमिक कर कट्टा समेत नगरी रु.३३७५०। भुक्तानी गरेकोले पारिश्रमिक कर रु.५०६३। सहित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३३,७५०

५२ **याक प्रवर्द्धन कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,१५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **चिया प्रर्वद्धन कार्यक्रम**

चिया खेति प्रवर्द्धन तथा आधुनिकिकरण कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ दफा ६ अनुसार चिया खेतिको लागि न्यूनतम २०० हेक्टर र साना कृषकको लागि न्युनतम १६.५ हेक्टर क्षेत्रफलमा खेति विस्तार गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार लागत अनुमान तयार पार्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार हरेक कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चिया प्रवर्द्धन कार्यक्रम अन्तरगत चिया प्रशोधन मेसिन खरिद गर्न र चियाको विरुवा खरिदको लागि ५० प्रतिशत अनुदानमा सगरमाथाअर्गानिक चिया उत्पादन तथा प्रशोधन सहकारी संस्था लिमिटेडसँग सम्झौता गरी रु.१८०००००।को लागतमा रु.९०००००। भुक्तानी गर्ने भनि तोकेको देखियो । पालिकाले उक्त संस्थासँग सम्झौता गरी भकान्जे टि स्टेट प्रालिलाई मेसिन खरिद वितरण गरेको र १२५००० वटा विरुवाहरु प्रति विरुवा रु.१० का दरले खरिद गरी किसानहरुलाई वितरण गरेकोमा निर्देशिका अनुसार खेतिको लागि जग्गाको मापदण्डको ख्याल नगरी प्राविधिक लागत अनुमान वेगर वितरण गरेको देखियो । उक्त विरुवाहरुको नर्म्स अनुसार लागत अनुमान तयार गरी रोपेको कार्यसम्पन्न र किसानको न्युनतम क्षेत्रफलको समेत मूल्याङ्कन गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,२५,०००

५४ **उद्यम विकासतर्फ**

१९४।२०८२।३।११ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने तथा सञ्चालित सिप विकास तालिमबाट उत्पादन भएका समाग्रिहरुको विक्रिबाट प्राप्त भएको राजस्व संकलन गरी पालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत कम्तिमा ५ जनाको समूहलाई प्रविधि खरिद गरी हस्तान्तरण गर्ने कार्यक्रम अन्तरगत रु.१३८४२८। को आर्शिमा ट्रेड प्रालिसँग प्रविधि खरिद गरी वितरण गरेकोमा उद्यमीहरुको लागत साझेदारीको रकम रु.२७६८६। नराखी पुरै अंश भुक्तानी गरेको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२७,६८६

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

५५.१ स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गत ५ वडामा विभिन्न ८ योजना सन्चालन गरेको छ । यस बर्ष ५५ जना वेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रू.६६८ र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ भन्ने व्यवस्था भए बमोजिम यस पालिकाको अदक्ष कामदारको ज्याला रु.९०० को असी प्रतिशतले हुने रु.७२० का दरले योजनामा रोजगार संलग्न गराई रू.३९ लाख ६० हजार श्रमिक ज्याला भुक्तानी गरेको छ । पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन

गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

५५.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा सञ्चालन गर्न सक्ने र सो रकमलाई श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने तथा पालिकाले थप सामाग्री खरिदको लागि लागत साझेदारी गर्न सक्ने व्यवस्था अनुसार यस पालिकाले देहायका योजनाहरुमा सडकमा ढुङ्गा सोलिङ गर्ने कार्यमा लागत साझेदारी गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सो कार्यमा दरविश्लेषण गर्दा ढुङ्गाको पनि परिमाण राखेको अवस्थामा स्थानीय तहको रकमबाट ढुङ्गा गरिद गरेको भनि भर्पाई राखेको देखियो। उक्त योजनाहरुमा कुल कामको परिमाणमा ढुङ्गा स्थानीय तह दररेट अनुसार खरिद गर्दा लागेको भन्दा बढी परिमाणमा राखि भुक्तानी दिएको देखियो। यसरी बढी परिमाणमा भुक्तानी गरेकोले बढी भुक्तानी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गोश्वारा भौचर/मिति	**उपभोक्ता समिति**	**ढुङ्गाको परिमाण**	**खरिद गरेको परिमाण**	**साझेदारमा भुक्तानी रकम**
१५५।०८२।३।१३	३ नम्बर वडाका विभिन्न सडक सोलिङ निर्माण उस	२०९ घमि	२८९ घमि	२३६१००
१५६।०८२।३।१३	उप्चाङ फोती रमिते रिन्ठेली सडक सोलिङ उस	२७२.५२ घमि	२८९ घमि	२३६२५०
१६२।२०८२।३।१९	जोलखु गोली धनेमोड च्यानडाडा पोखरि सोलिङ उ स	३४४.१३ घमि	५७७ घमि	४७२३१९
जम्मा				**९४४६६९**

असुल गर्नुपर्ने	९,४४,६६९

५६ बढी भुक्तानी

२०८१।१०।४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर विश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्वजनिक खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यसरी तयार गरिएको लागत अनुमानको आधारमा सम्पन्न भएको कामको नापी कितावमा प्रविष्ट गरिए वमोजिमको परिमाण भुक्तानी दिनु पर्दछ भने यस्तो दर विश्लेषणमा स्वीकृत नर्म्सको पालना गरिएको हुनु पर्दछ। पालिकाले २ नम्वर वडा खानेपानी मर्मत तथा पाइप खरिद योजनाको लागि पालिकाबाट रु.४,००,०००।०० भुक्तानी हुनेगरी उपभोक्ता समितिसँग सम्झौता गरी सोही वमोजिम भुक्तानी दिएको देखिन्छ। यस योजनामा देहाय बमोजिम वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

विवरण	**भुक्तानी दिनुपर्ने परिमाण**	**भुक्तानी दिएको परिमाण**	**वढी परिमाण**	**दर**	**वढी भुक्तानी**	कैफियत
Stone soling work	३.४१७ घ.मि.	६.५४ घ.मि.	३.१२ घ.मि.	२३३१.६	७२७४	नर्म्स अनुसार जगमा सोलिङ ०.१५ दिनुपर्नेमा ०.२० राखेको
Reinforcement work 8mm dia on distribution bar for tank cover	१४.६२५ के.जि.	२३.१२ के.जि.	८.४९५ के.जि.	१५१.४८	१२८७	8mm को डण्डीको यूनिट वेट ०.३९ हुनुपर्नेमा ०.६३ ले गणना गरेको
जम्माः					**८५६१**	

असुल गर्नुपर्ने	८,५६१

५७ लागत सहभागिता

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रु **७,४०४** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **जडान प्रतिवेदन पेश नभएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३८८,७९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५९ **सडक सरसफाई**

३३-२०८१।९।१८ पालिकाले वडा नं.१ भित्रको सडक सरसफाईको लागि डोरहाजिर गराई कुसाङ शेर्पा लगायत ४ ज्यामीलाई २०८१ श्रावण, भाद्र र असोज ३ महिना सबैलाई ६६ दिन काम गरेको प्रति ज्यामी रु.५९,४००। ले भुक्तानी दिएको देखियो। सोही समयमा पालिकाले सडक सरसफाईको लागि व्याक होलोडर भाडामा लिई भुक्तानी दिएको समेत देखिन्छ। एउटै समयमा सडक सरसफाईको लागि मेशिन भाडामा लिने र ज्यामी राखी रु.२,३७,६००।०० भुक्तानी भएकोले दोहोरो खर्च भएको देखिन्छ। पालिकाले एकै समयमा व्याक होलोडर र ज्यामी प्रयोग गरी गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,३७,६००

६० **खरिद सम्झौता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको देखिन्छ। यस बर्ष यस्ता योजना लागत अनुमान भन्दा ४५.९८ प्रतिशत सम्म घटीमा गर्ने गरी कवोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्विकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कवोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए तापनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेको कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरिय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कवोल तथा सम्झौता भएका योजनाका विवरण देहायमा उल्लेख छ।

खरिद सम्झौता नं	**कामको विवरण**	**निर्माण व्यवसायी**	**लागत अनुमान**	**सम्झौता रकम**	**घटी प्रतिशत**
NCB/WORKS/LPKRM/2081/82-02	जोडीडाँडा वुलडाँडा सडक स्तरोन्नती	रिलायन्ट कन्स्ट्रक्सन	९००००१७.०२	५८०६५९२.४६	-३६.११
NCB/WORKS/LPKRM/2081/82-01	बुद्ध मा.वि.मैली काफ्लेचौर सडक स्तरोन्नती	पुर्णीमा निर्माण सेवा	९००००२०.१८	४९८३४४३.९६	-४५.२५
NCB/WORKS/LPKRM/2081/82-04	वडा नं.५ स्थित भकाञ्जे लामाजुरा सडक स्तरोन्नती	आर्शिमा ट्रेड प्रा.लि.	३००००००.	१६७३२३५.८३	-४५.९८
NCB/WORKS/LPKRM/2081/82-03	लिखु खोला लाममाने सडक स्तरोन्नती	वि.पि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	१९९४९४७३.३८	११०९५१६५.४८	-४४.७७
NCB/WORKS/LPKRM/2081/82-05	लिखु खोला लाममाने सडक स्तरोन्नती दोश्रो फेज	जय लक्ष्मी निर्माण सेवा	९०४३४०२.१	५०७४८९२.६	-४४.५

६१ कार्यसम्पादन जमानत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत वोलपत्रको वोलपत्रदाताले ऐनको दफा २७ को उपदफा ४ वमोजिम कार्यसम्पादन जमानत पेश गर्दा बाणिज्य वैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र त्यसरी पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटीसच्याउने दायित्व (डिफेक्ट लायविलिटीज) अवधि भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनपर्ने उल्लेख छ। पालिकाले वडा नम्वर ५ स्थित भकाञ्जे लामाजुरा सडक स्तरोन्नती कार्यको लागि रु.१६,७३,२३५।८३ मा मिति २०८२।२।३० भित्र कार्यसम्पन्न गर्नेगरी आर्शिमा ट्रेड प्रा.लि.सँग सम्झौता गरी तोकिएको अवधीमा कार्य सम्पन्न गरेको देखिन्छ। यस खरिद सम्झौताको म्याद २०८२।२।३० सम्म रहेको अवस्थामा घटीमा मिति २०८३।३।३० सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश हुनुपर्नेमा सिटिजन बैंक लि.बाट जारी भएको जमानत नम्वर 0728182PB010001, रु.५,२०,००।०० को मिति २०८२।१०।९ सम्म मात्र म्याद भएको जमानत पेश गरेको देखियो। कानून अनुसार कार्यसम्पादन जमानतको म्याद नराखि खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई अवधि थप गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,२०,०००

६२ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर.लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट हाराहारीमै लागत अनुमान तयार गरि रकम खर्च गरेको देखिएको र डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगरी बाह्य जनशक्तीवाट सेवा लिएको देखिन्छ। पालिकाले पेश गरेको विवरण अनुसार परामर्श सेवावाट लिएका ७ आयोजनाको अध्ययन प्रतिवेदन मध्ये परामर्शदाताबाट यस आर्थिक वर्षमा भएको पिके पिक पर्यटन प्रवर्धनको मात्र कार्यान्वियनको चरणमा देखिएको छ। अन्य ६ आयोजनाको रु.६४ लाख ३७ हजारको अध्ययन प्रतिवेदन हालसम्म कार्यान्वियन भएको नदेखिदा खर्चको उपलव्धि रहेन। कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा तयारी भएको अध्ययन प्रतिवेदन कार्यान्वियनमा ल्याउनु पर्ने र यस प्रकारको खर्चलाई न्यूनिकरण गर्नुपर्ने देखिन्छ।

सि.नं.	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वयन भए/ नभएको
गत वर्षको						
१	सापे-बुके-पुम्दोक वुद्ध चिन्ड्रेन पिक्निक पार्क वडा नं १ डि पि आर निर्माण	Bazar Bikas Kendra Pvt. Ltd	१००००००	९७८१२८	नखुलेको	नभएको
२	वडा नं ३ वडा कार्यालय भवन निर्माण र वडा नं ५ को बुढाकिन्जा आ वि भवन निर्मा डिपिआर निर्माण	Design Associates Nepal Pvt Ltd	२००००००	१९८०५५१	नखुलेको	नभएको
३	राङ्दा-जोलखु बुद्ध मा वि,जोगीडाडा-चौरीखर्क खहरे गुम्बा सडक र किन्जा छिम्बु सेठे सडक खण्ड डि पि आर	Sarthak Eng. Consultancy Pvt.Ltd	२००००००	१८७०२८६	नखुलेको	नभएको
४	पालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माण	ABHIYANTA SOLUTIONS PVT.LTD.	४०००००	३७९६८०	नखुलेको	नभएको
यो बर्षको						
१	हिमगंगा मा वि को भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार	भुमि इन्जिनियरिङ कन्सोर्टियम	७८००००	७७९७००	५५४७७४४७	नभएको
२	पिके पिकको पर्यटन प्रवर्द्धन गर्नको लागि गुरुयोजना निर्माण	आकार डिजाइनर्स एण्ड डेभलपर्स प्रा.लि.	५०००००	४७५७३०	४१४५६३७०	भएको
३	फोहोर मैला व्यवस्थापन योजना तथार	ग्र्याण्ड रिसर्च सेन्टर प्रा.लि.	५०००००	४४९१७५	६६२१५०००	नभएको
जम्माः				**६९१३२५०**		

६३ बढी अवधीको भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ अनुसार सार्वजनिक निकायले परामर्श खरिद गर्दा कार्य क्षेत्रगत शर्त तयार पार्नुपर्ने व्यवस्था छ। परामर्शदाताले पेश गरेको प्रस्तावमा तोके अनुसारका मौजुदा जनशक्तिहरुको अवस्था समेतको आधारमा सम्झौता गरी सोही अनुसार कार्य गर्नुपर्नेमा पालिकाले सापे बुके पोम्दोक चिल्ड्रेन पार्कको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन निर्माण कार्यको लागत अनुमान तयार पारी डिजाईन एसोसियट्स नेपाल प्रालिसँग २०८१।९।१४ मा सम्झौता गरी १ महिनामा सम्पन्न गर्ने गरी तोकि सोहि अनुसार १ महिना अवधि राखेको देखियो। उक्त परामर्शदाताले पेश गरेको प्रस्तावमा जनशक्तिको विवरण पेश गरेकोमा फिल्डमा सो जनशक्तिले काम गरेको कुनै बैठक तथा हाजिरिमा उपस्थिति जनाएको देखिएन। सम्झौतामा उल्लेख भए अनुसारको जनशक्तिले काम गरेको हुनुपर्नेमा अन्य जनशक्तिको विवरण पेश गरी कार्य गराएको भनि रु.४८२५१०।(मु.अ.कर सहित) भुक्तानी गरेको देखियो। यसरी तोके अनुसार जनशक्तिको उपस्थिति वेगर कार्य गराएको र कार्यसम्पन्न गर्नुपर्ने अवधि भन्दा अगावै (२०८१।१०।४ मा कार्यसम्पन्न गरेको भनि निवेदन दर्ता) काम सम्पन्न गराएको देखिएकोले बढि अवधि १० दिनको रकम दामासाहिले रु.१४२३३३। असुल गर्नुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
६३.१	डिजाईन एसोसियट्स नेपाल प्रा.ली.	१४२,३३३

असुल गर्नुपर्ने	१,४२,३३३

६४ **स्पेसिफिकेशन परिवर्तन गरी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा नियम ५(क) वमोजिमको विवरणलाई समेत आधार लिनुपर्ने व्यवस्था छ। पालिकाले हिमगंगा माध्यमिक विद्यालयमा कृषि ल्याव स्थापनाको लागि विभिन्न सामग्री खरिदको लागि लागत अनुमान तयार गर्दा तीन आपूर्तिकर्ताबाट दर लिई सवैभन्दा घटीलाई आधार लिएको देखिन्छ। लागत अनुमानको लागि दररेट माग गर्दा आइटम नम्वर १७० मा रहेको Semi Hightech Tunnel Dimensions (30ft.*96ft.) GI Frame with 90 gsm Plastic प्रतिगोटा रु.१,५०,०००।००, आइन्स्टाईन साइन्टिफिक नलेज प्रा.लि.ले सवै भन्दा घटी दर उपलब्ध गराएकोलाई लागत अनुमान कायम गरिएको छ। खरिदको लागि NCB/GOODS/LPKRM/2081/82-07 नम्वरको ठेक्का व्यवस्थापन गर्दा उक्त आइटमको स्पेसिफिकेशन परीवर्तन गरी Permanent tunnel of size (6*12 m) with Iron Frame अर्थात् (19.685ft.*39.37ft.) कायम गरेको देखियो। यसरी स्पेसिफिकेशन परिवर्तन गर्दा सोही वमोजिमको दर पनि कायम गर्नुपर्नेमा फरक स्पेसिफिकेशनको लागि तयार भएको दरको आधारमा ठेक्का व्यवस्थापन गरेको देखिन्छ। स्पेसिफिकेशन अनुसार लागत अनुमानको भन्दा ठेक्कामा राखिएको साइज सानो देखिएकोले लागत पनि घटि हुनुपर्ने कारण नयाँ दर कायम गरेर खरिद प्रक्रिया अगाडी वढाउनु पर्ने देखिन्छ। तर पालिकाले ठुलो साईजको दर राखि खरिद सम्झौता गर्दा सवै भन्दा घटी कवोल गर्ने लक्ष्मी विनायक इन्टरप्राइजेजले उक्त आइटममा प्रतिगोटा रु.१,४१,५९२।९० कवोल गरे वमोजिम २ थानको रु.२,८३,१८५।८० मा मुल्य अभिवृद्धि कर थप समेत रु.३,२०,०००।०० भुक्तानी भएको छ। यसरी लागत अनुमान भन्दा फरक पारी खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्ने देखिन्छ। उपर्युक्त वमोजिमको लागत अनुमान तयारी गर्दाको स्पेसिफिकेशन भन्दा फरक पारी खरिद भएको सम्वन्धमा छानविन गरी वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु..

खरिद गरिएको सामाग्री निम्नानुसार रहेको छ:

असुल गर्नुपर्ने	३,२०,०००

६५ **संघीय समपुरक अनुदान**

पालिकालाई लिखुखोला लाममाने सडक स्तरोन्नती योजनाको लागि संघीय समपुरक अनुदान मार्फत रु.१ करोड प्राप्त भएको देखिन्छ। यस सम्वन्धमा देखिएका थप व्यहोरा देहाय वमोजिम रहेका छन्:

६५.१ **लागत साँझेदारी** - समपुरक र विशेष अनुदान सम्वन्धी कार्यविधि तेश्रो संशोधन २०७७ को दफा ६(१) अनुसार स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत सम्म रकम समपुरक अनुदान दिन सक्ने उल्लेख छ। पालिकाले ठेक्का नं. NCB/WORKS/LPKRM/2081/82-03 को लिखुखोला लाममाने सडक स्तरोन्नतीको लागि निर्माण व्यवसायी वि.पि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग रु.१,१०,९५,१६५।४८ मा सम्झौता भएको देखिन्छ। सुरु सम्झौता अनुसार २०८२।१।३० भित्र सम्पन्न गर्नुपर्ने यस खरिद सम्झौतामा निर्माण स्थलमा आएको अवरोध लगायतको कारण जनाई २०८२।३।१६ को गाउँकार्यपालिका

निर्णयबाट मिति २०८२।७।३० सम्मको लागि अवधि थप गरेको छ। हाल दोश्रो रनिङ विल सम्म रु.८८,१०,०४१।५८ भुक्तानी भएको यस खरिद सम्झौतामा रु.५९,०१,०९२।०० संघीय समपुरकबाट खर्च भई र रु.२९,०८,९४९।५८ गाउँपालिकाले साँझेदारी गरेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था वमोजिम कुल लागत रु.१,१०,९५,१६५।४८ को पचास प्रतिशतले हुने अधिकतम रु.५५,४७,५८२।७४ सम्म यस योजनामा खर्च लेख्न मिल्ने देखिएकोमा रु.५९,०१,०९२।०० खर्च भएकोले संघीय समपुरक अनुदान तर्फको वढी खर्च भएको रु.३,५३,५१०।०० संघीय सञ्चित कोष दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५३,५१०

६५.२ **वचत रकमबाट पुनः ठेक्का** - समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को बुँदा १२(१) मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा लिखुखोला लाममाने सडक स्तरोन्नती योजनाको लागि संघीय समपुरक अनुदान मार्फत रु.१ करोड प्राप्त भएकोमा रु.१,९९,४९,४७३।३८ वरावरको लागत अनुमान तयार गरी ठेक्का नं. NCB/WORKS/LPKRM/2081/82-03 बाट रु.१,१०,९५,१६५।४८ मा वि.पि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग खरिद सम्झौता भएको देखियो। यस ठेक्काबाट वचत भएको रकमबाट पुनः दोश्रो फेजको लागि रु.९०,४३,४०२।१० को लागत अनुमान तयार गरी ठेक्का नं. NCB/WORKS/LPKRM/2081/82-05 बाट रु.५०,७४,८९२।६० मा जय लक्ष्मी निर्माण सेवासँग सम्झौता गरेर रु.४९,४८,०१०।८० को कार्यसम्पन्न भएको देखिन्छ। यस दोश्रो फेजमा पनि संघीय समपुरक अनुदानबाट रु.२४,७४,००५।०० खर्च भएको देखिएको छ। लिखुखोला लाममाने सडक स्तरोन्नती योजनाको लागि प्राप्त भएको बजेट सोही योजनाको वाँकी काम गर्न वचत रकमबाट लागत सहभागितामा खर्च गरिएको पालिकाको भनाई रहेको छ। पालिकाले समपुरक अनुदानबाट प्राप्त रकम तोकिएको योजनामै खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६५.३ **रोयल्टी**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१७४,९४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६६ **५ शैयाको अस्पताल निर्माण**

गाउँपालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत रु.९,६२,४३,९७४।६७ लागत अनुमान रहेको ५ शैयाको अस्पताल निर्माणको लागि ठेक्का नःNCB/WORKS/LPKRM/2079/80-02 मार्फत निर्माण व्यवसायी धौलागिरी बंगलामुखी जे.भी.संग रु.९,५५,९७,९७८।७१ (मु.अ.कर समेत) मा २० महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१०।१३ मा सम्झौता गरेको छ। निर्माण कार्यको दोश्रो पटक म्याद थप पछी सम्पन्न गर्नुपर्ने अवधि मिति २०८३।२।३० सम्म कायम भएको देखिन्छ। हाल तेश्रो रनिङ विल सम्म रु.५,१८,३५,८५०।८३ भुक्तानी भएको यस खरिद सम्झौताका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन्:

६६.१ **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन जारी गर्दा प्राविधिक पुष्ट्याई समेत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले ५ शैया अस्पताल भवन निर्माण गर्ने कार्यका लागि सम्झौता गरे पश्चात Hill Side तिर आवश्यकता भन्दा बढी उचाई (१६ मिटर) सम्म गएको हुँदा विल्डिङको सुरक्षाको लागि Breast Wall अति आवश्यक भएको कारण अस्पताल निर्माण स्थललाई सुरक्षित गर्न Stone Masonry wall थप कार्य गर्न मिति २०८०।९।१० गाउँकार्यपालिका प्रथम भेरिएशनबाट सुरु सम्झौता रकमको ७.०५ प्रतिशत अर्थात रु.६७,३६,५९६।३७ (मु.अ.कर समेत) थप भै सम्झौता रकम रु.१०,२३,३४,५७५।०८ (मु.अ.कर समेत) पुगेको देखिन्छ। पालिकाले उक्त भेरिएशन जारी गर्दा मिति २०८०।८।७ मा Bidder को तर्फबाट विल्डिङको सुरक्षाको लागि Retaining Wall आवश्यक भनि

निवेदन पेश गरेको र प्राविधिक, अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहितको टोलीद्धारा निरीक्षण गरेको उल्लेख गरे तापनि सो कार्यको अध्ययन प्रतिवेदन भेरिएशनको साथ संलग्न गरेको छैन। पालिकाले निर्माणको परियोजना प्रतिवेदन तयार गर्दा निर्माण स्थलको भौगर्भिक अध्ययन प्रभावकारी नभएको कारण निर्माण कार्यमा ७.०५ प्रतिशत लागत थप भैसकेको अवस्था छ। पालिकाले भेरिएशन गरी लगाएको Stone Masonry wall को तल्लो भागमा १.५ मिटर र माथिल्लो भागमा १ मिटर चौडाई तथा ८४ मिटर लम्वाइ र ४ सम्म उचाई रहेको देखिन्छ। पालिकाले निर्माण कार्यको पूर्व तयारी गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण लागत बृद्धि भएको देखिएकोले विष्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत थप जिम्मेवार बनाउनु पर्दछ। यसरी निर्माण कार्य सुरुवात संगै पर्याप्त अध्ययन वेगर भेरिएशन गरी भुक्तानी समेत गरेको देखिन्छ।

निर्माणाधिन भवनको लेखापरीक्षण अवधीमा रहेको अवस्था निम्नानुसार रहेको छ:

६६.२ **नयाँ दर निर्धारण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता वमोजिमको कार्य सुरु भई सकेपछि निर्माण कार्यको ड्रईङ्ग, डिजाईन तथा स्पेशिफिकेशन आदि वदल्नु पर्ने र कामको परिमाण थप घट हुने अवस्थामा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण तथा त्यसले लागत अनुमानमा पार्ने प्रभाव लगायतको कारण खुलाई ऐनको दफा ५४ वमोजिम भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै निर्माण व्यवसायीसँगको सम्झौताको साधारण शर्तको बुँदा नं ३६ मा वि.ओ.क्यू.मा उल्लेखित मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्का रकमको २ प्रतिशत भन्दा वढी भेरिएशन भएमा त्यस्तो थप भएको काममा नयाँ दररेट कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु.९,६२,४३,९७४।६७ लागत अनुमान भएको ठेक्का नःNCB/WORKS/LPKRM/2079/80-02 को ५ शैयाको अस्पताल निर्माणको लागि धवलागिरी बंगलामुखी जे.भी.संग रु.९,५५,९७,९७८।७१ (मु.अ.कर समेत) मा सम्झौता गरेको देखियो। भवनको पूर्वतर्फ अत्यन्त भिरालो भएकोले १६ मिटर सम्म माटो कटिङ हुँदा भवन संरचनालाई पहिरोवाट जोगाउन Stone Masonry wall निर्माण गर्नुपर्ने भएको भनि मिति २०८०।९।१० मा ७.०५ प्रतिशत रु.६७,३६,५९६।३७ भेरिएशन स्वीकृत पछि जम्मा कवोल अंक रु.१०,२३,३४,५७५।०८ कायम भएको छ। भेरिएशन पछि मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्का रकमको २ प्रतिशत भन्दा वढी वढ्न गएको Stone Masonry

wall १:६ र Earthwork excavation मा देहाय वमोजिम परिमाण थप भएकोमा मिति २०८०।९।२५ मा व्यवसायीसंग Negotiation गरी नयाँ दर कायम गर्दा खरिद सम्झौतामा कायम भएको दरमै नयाँ दर कायम गरी भुक्तानी भएको देखिन्छ। खरिद सम्झौतामा Earthwork excavation मा लागत अनुमान भन्दा प्रति घनमिटर रु.७३.०३ बढी दरमा सम्झौता भएकोले भेरिएशनमा Negotiation गरी नयाँ दर कायम गर्नुपर्नेमा पालिकाले उक्त आइटमको दर घटाउने तर्फ पर्याप्त प्रयास गरेको देखिएन। जसले गर्दा भेरिएशन पछिको कुल परिमाण १३८३३.२५ घ.मि.को कानून वमोजिम सम्झौतामा २५ प्रतिशत थप हुने परिमाण ६५३१.२६ घ.मि.घटाई वाँकी ७३०१.९९ घ.मि.को रु.७३.०३ ले रु.५,५३,२६४।३२ थप भुक्तनी भई पालिकालाई थप व्ययभार परेको देखिन्छ।

विवरण	**सम्झौता परिमाण**	**परिमार्जित परिमाण**	**२५ प्रतिशत थप समेतको परिमाण**	**नया आइटमको परिमाण**	**स्टीमेटको दर**	**सम्झौता र भुक्तानी दर**
Stone Masonry wall 1:6	३१.८४	३९८.०९	३९.८०	३५८.२९	१५८०९.९२	१२०००.००
E/W excavation	५२२५.०१	१३८३३.२५	६५३१.२६	७३०१.९९	११६.९७	१९०.००

६६.३ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। एकिकृत स्वास्थ्य पूर्वाधार तर्फबाट ५ शैयाको अस्पताल निर्माणका निर्माण व्यवसायी धवलागिरी बंगलामुखी जे.भी.लाई दिएको पेश्की रु.८५,००,०००।०० पेश्की फस्र्यौट गर्न वाँकी देखिन्छ। उक्त पेश्कीको लागि राखेको जमानतको म्याद रहेतापनि फस्र्यौट हुन बाँकी पेश्की यस आर्थिक वर्षमा जिम्मेवारी सारेको भने देखिएन। पालिकाले जिम्मेवारी नसरेको पेश्कीको लगत राखी यस आर्थिक बर्षमा जिम्मेवारी सारेर कानून अनुसार फस्र्यौट गर्नु पर्दछ।

६७ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार कन्टिन्जेन्सी रकम खर्चको लागत अनुमान तयार गर्नुपर्ने, कन्टिन्जेन्सी खर्च तोकिएको सिमा भित्र रही गर्नुपर्ने, कन्टिन्जेन्सी खर्चको अभिलेख अद्यावधिक गर्नुपर्ने तथा उक्त खर्चलाई नापी किताबमा समेत उल्लेख गर्नुपर्ने उल्लेख छ। प्रशासकीय भवन निर्माणको लागि ४ प्रतिशत सम्म कन्टिन्जेन्सी रकम नापी कितावमा उल्लेख भएको खर्चमा कन्टिन्जेन्सी खर्च लेख्न पाउनेमा निर्माण सुरु हुनु अगावै देहाय वमोजिम कन्टिन्जेन्सी खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०८२।८३ मा वजेट व्यवस्था गरी निर्माण भईरहेको यस योजनामा निर्माण सुरुहुनु अगावै रु.१८०१४८। कन्टिन्जेन्सी खर्च भएकोले चालु आर्थिक बर्षमा तोकिएको सीमा भित्रै कन्टिन्जेन्सी खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

भौ.नं./मिति	**कन्टिन्जेन्सी खर्चको विवरण**	**खर्च रकम**
८१।०८१।१०।११	बोलपत्र आव्हानको सूचना	१२८१४२
१६४।०८२।३।२०	बोलपत्र आव्हानको पुनः सूचना	५२००६
जम्मा		**१८०१४८**

६८ सामाजिक सुरक्षातर्फ

६८.१ पालिकाले आर्थिक वर्ष २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको त्रैमासिक अनुसारको विवरण निम्नानुसार रहेको छ:

लक्षित समूह	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो विवरण		चौथो विवरण		जम्मा रकम
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
जेष्ठ नागरिक अन्य	५१०	६११४६६०	५०९	६१०४०००	५१४	६१३६५१३	५३७	६३९३२८०	२४७४८४५३
जेष्ठ नागरिक दलित	१८	१४३६४०	१८	१४३६४०	१९	१४६३००	१५	१११९७००	१५५३२८०
जेष्ठ नागरिक एकल महिला	३३	२६३३४०	३३	२६३३४०	३०	२३९४००	२७	२१५४६०	९८१५४०
विधुवा महिला	८८	६९६९२०	९३	७३१५००	९३	७२२१४०	९५	७५०१२०	२९००६८०
पुर्ण अपाङ्ग क बर्ग	२२	२४९५०८	२३	२७५३१०	२३	२७५३१०	२३	२७५३१०	१०७५४३८
आंशिक अपाङ्ग ख बर्ग	७२	४४०४९६	७३	४६६०३२	७४	४७०२८८	७७	४८०९२८	१८५७७४४
दलित वालवालिका	२८	४४६८८	२८	४३३३८	३०	४५५९४	२८	४१७७१	१७५३९१
जम्मा	**७७१**	**७९५३२५२**	**७७७**	**८०२७१६०**	**७८३**	**८०३५५४५**	**८०२**	**९२७६५६९**	**३३२९२५२६**

६८.२ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा वितरण गरेको चार त्रैमासिकको औसत विवरण र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको कायम संख्या यस प्रकार रहेको देखिन्छ:

लक्षित समूह	आ. व. २०८०/८१ को चार त्रैमासिकको औसत संख्या	आ.व. २०८१।८२ को अन्तिम त्रैमासिकमा लाभग्राहीको कायम संख्या	मासिक भत्ता दर
जेष्ठ नागरिक अन्य	५०१	५३७	४०००
जेष्ठ नागरिक दलित	१९	१५	२६६०
जेष्ठ नागरिक एकल महिला	४१	२७	२६६०
विधुवा महिला	८४	९५	२६६०
पुर्ण अपाङ्ग क बर्ग	१६	२३	३९९०
आंशिक अपाङ्ग ख बर्ग	४५	७७	२१२८
दलित वालवालिका	३२	२८	५३२
जम्मा	**७३८**	**८०२**	

६८.३ **लाभग्राहीको अभिलेख** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा

कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ ।

निस्कृय खाता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ ।कार्यविधिको व्यवस्था बमोजिम पालिकाले बैंकहरुबाट विवरण प्राप्त गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम बैंकबाट निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले सो बमोजिम विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा बैंक मौज्दात रू.२,२१,३६,८८८.९५ मौज्दात रहेकोमा यो वर्ष रू.१,८६,६३,८६८.५३ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.३४,७३,०२०.४२ घटी जिम्मेवारी सारेको सम्वन्धमा प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएकोमा प्रतिकृया मार्फत चालु आर्थिक बर्ष २०८२।८३ मा जिम्मेवारी सारेको प्रमाण पेश गरेको छ। पालिकाले प्रत्येक आर्थिक बर्षको समाप्ति पछि बाँकी मौज्दात आगामी बर्षको लागि जिम्मेवारी सारी हिसाव मिलान गर्नु पर्दछ।	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लिखु पिके गाउँपालिका, सोलुखुम्बु , लिखु पिके गाउँपालिका , सोलुखुम्बु

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अग्नी प्रसाद पराजुली	२०८१-१२-७	२०८२-०८-२९
कार्यालय प्रमुख	काजीमान राई	२०८१-०४-०१	२०८१-१०-१६
कार्यालय प्रमुख	बिकेन पौडेल	२०८२-०९-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	राज कुमार खत्री	२०८२-१-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	रेख बहादुर राई	२०८१-०४-०१	२०८१-१०-१५

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६४१,५२३	७,५१०,३१६	८,०३७,६८९.४२	०	०	२००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,३८९,५२८.४२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४,५३७,१२२.४२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२,८५२,४०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८६६३८६८.५३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१६००६१२०९.३४	चालु खर्च	१५९०४६७८०.७८
प्रदेश सरकारबाट अनुदान	१७२८३७०३	पूँजीगत खर्च	७१९६८४८६
राजश्व बाँडफाँट	५०५४७०२६.६१	वित्तीय/अन्य व्यवस्था	४३९५६०६१.१९
आन्तरिक आय	२१६८३५७.४७		
अन्य आय	४४४३५५७१		
कुल आय	२७४४९५८६७.४२	कुल खर्च	२७४९७१३२७.९७
बाँकी मौज्दात		१८१८८४०७.९८	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरएका विषय
1	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
2	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
3	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य
4	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
6	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
7	शिक्षा तर्फ	शिक्षातर्फ
8	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
9	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
10	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
11	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम लिखु पिके गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०८१।८२ मा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) को संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
राजस्व अनुदान र अन्य प्राप्ति							
११०००	कर	४७२६२९५५.४०	०.००	४७२६२९५५.४०	४१५९३९५७.९६	०.००	४१५९३९५७.९६
१३०००	अनुदान	१७७३४४९१२.३४	०.००	१७७३४४९१२.३४	१६६१५११६९.८७	०.००	१६६१५११६९.८७
१४०००	अन्य राजस्व	४७३५५६४.६८	०.००	४७३५५६४.६८	१०६९४६५१.५७	०.००	१०६९४६५१.५७
१५०००	विविध प्राप्ति	७१६८६४.००	०.००	७१६८६४.००	३६५४००.००	०.००	३६५४००.००
क	**कुल जम्मा प्राप्ति**	**२३००६०२९६.४२**		**२३००६०२९६.४२**	**२१८८०५१७९.४०**		**२१८८०५१७९.४०**
३	**चालु**	**१५९०४६७८०.७८**	**०.००**	**१५९०४६७८०.७८**	**१५०८९८२३७.८५**	**०.००**	**१५०८९८२३७.८५**
२१०००	पारिश्रमिक / सुविधा	९२१९३४५१.७८	०.००	९२१९३४५१.७८	११६६३४३१६.८५	०.००	११६६३४३१६.८५
२२०००	मालसामान तथा सेवाको उपयोग	५९४३६८२५.००	०.००	५९४३६८२५.००	३२५५५१८०.००	०.००	३२५५५१८०.००
२५०००	सहायता (Subsidy)	१६५००००.००	०.००	१६५००००.००	५००००.००	०.००	५००००.००
२७०००	सामाजिक सुरक्षा	४०२७१४६.००	०.००	४०२७१४६.००	१०४९८४१.००	०.००	१०४९८४१.००
२८०००	अन्य खर्च	१७३९३५८.००	०.००	१७३९३५८.००	६०८९००.००	०.००	६०८९००.००
४	**पूंजीगत**	**७१९६८४८६.००**	**०.००**	**७१९६८४८६.००**	**७५१४७६३६.००**	**०.००**	**७५१४७६३६.००**
३१११०	भवन तथा संरचना	१५९०२९१७.००	०.००	१५९०२९१७.००	२१६६९८१०.००	०.००	२१६६९८१०.००
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	११९२९८२.००	०.००	११९२९८२.००	५३२०८५६.००	०.००	५३२०८५६.००
३११३०	अन्य पूँजीगत खर्च	४८५५४२६.००	०.००	४८५५४२६.००	४९०९८२९.००	०.००	४९०९८२९.००
३११४०	सुरक्षा उपकरण	०.००	०.००	०.००	४८०२५०.००	०.००	४८०२५०.००
३११५०	सार्वजनिक निर्माण	४४३८२७७१.००	०.००	४४३८२७७१.००	४२०५१२११.००	०.००	४२०५१२११.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	२४२७५००.००	०.००	२४२७५००.००	०.००	०.००	०.००
३११७०	पूँजीगत सुधार खर्च	३२०६८९०.००	०.००	३२०६८९०.००	७१५६८०.००	०.००	७१५६८०.००
ख)	**कुल जम्मा भुक्तानी**	**२३१०१५२६६.७८**		**२३१०१५२६६.७८**	**२२६०४५८७३.८५**		**२२६०४५८७३.८५**
ग)	**बचत /कमी (ग = क-ख)**	**-९५४९७०.३६**		**-९५४९७०.३६**	**-७२४०६९४.४५**		**-७२४०६९४.४५**

घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	४७९५०९.८१		४७९५०९.८१	१७०२५३२.२७		१७०२५३२.२७
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				-२८७८६.००		-२८७८६.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-४७५४६०.५५		-४७५४६०.५५	-५५३८१६२.१८		-५५३८१६२.१८
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१८६६३८६८.५३		१८६६३८६८.५३	२२६७६०५९.९८		२२६७६०५९.९८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१८१८८४०७.९८		१८१८८४०७.९८	१७१३७८९७.८०		१७१३७८९७.८०

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।